सिन्धुली सडक खण्ड व्यावसायिक कृषि प्रवर्द्धन
आयोजना (SRC-CAP)

# स्थानिय, प्रादेशिक तथा संघीय सरकारका लागि
# ब्यावसायिक कृषि प्रवर्द्धन (CAP) पद्धति निर्देशिका



फेब्रुवरी २०२०

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## जापान अर्न्तराष्ट्रिय सहयोग नियोग

# पृष्ठभूमि

काठमाडौं उपत्यका र तराई जोडने सिन्धुली सडक जापान सरकारको अनुदान सहयोगमा निर्माण भएको थियो । सिन्धुली सडकको उद्घाटनपछि अपेक्षित परिवर्तनको तयारीका लागि सन २०११ अप्रिलदेखि २०१४ मार्चसम्म नेपाल सरकारद्वारा जाइकाको प्राविधिक सहयोगमा सिन्धुली सडक खण्डमा उच्च मूल्य भएका कृषिवस्तुको प्रसार र प्रवर्द्धनका लागि मास्टर प्लान आयोजना (SRCAMP) आरम्भ गरिएको थियो र प्राथामिकतामा परेका अन्य आयोजना लागु गर्न मास्टर प्लान र कार्ययोजनाको मसौदा तयार भएको थियो ।

नेपाल सरकारको अनुरोधमा, जापान अर्न्तराष्ट्रिय सहयोग नियोग (JICA) ले तत्कालीन कृषि विभाग (DOA) र कृषि मन्त्रालय (MOAD) लाई आयोजनाको लागि प्राविधिक सहयोग गरेको थियो । जसको उद्देश्य सिन्धुली सडक खण्ड व्यावसायिक कृषि प्रवर्द्धन आयोजनाको रूपमा सिन्धुली सडक वरपर उच्च मूल्य भएका कृषिवस्तुको मूल्य श्रृङ्खला विकास गरी कृषकहरूको कृषि आम्दानीमा वृद्धि गर्नु रहेको छ । आयोजनाले प्रभावकारी बजारमुखी कृषिप्रसार पद्धति विकास गरेको छ जसलाई CAP पद्धतिका रूपमा नामाङ्कन गरिएको छ ।

CAP ले कृषकहरूको व्यवहार र बानीमा परिवर्तन ल्याउने लक्ष्य लिएको छ जसकारण उनीहरूले आफ्नै पहलमा खेतीलाई व्यवसायका रूपमा व्यवस्थापन गर्न सक्छन् । धेरै कृषकहरूले पहिले आफ्नो बाली उत्पादन गर्छन्, र बाली काट्ने समय नजिक आउँदा आफ्नो उत्पादनको लागि व्यापारी खोज्न हतार गर्छन् । फलस्वरूप, उनीहरू आफ्नो उत्पादन बढी मूल्यमा बेच्न सक्षम हुँदैनन् । CAP ले कृषकहरूलाई बजारमा जान, सिधै व्यापारीसँग कुराकानी गरेर बजारको मागबारे सूचना सङ्कलन गर्न तथा नयाँ सूचना प्राप्त गर्न व्यापारीसँग सम्पर्कमा रहिरहन अनुरोध गर्छ । यस्ता सूचनाको आधारमा, कृषकहरूले कुन बाली कहिले लगाउने र उक्त बाली कसरी बेच्ने भन्ने निर्णय गर्छन् । यसले उत्पादनपछि बिक्रीबाट "**बेच्नका लागि उत्पादन**" भन्ने व्यवहार र सोचमा परिर्वतन ल्याउँछ । कृषकहरूमा यस्तो परिर्वतन ल्याउन CAP ले अफ्रिकामा जाइकाले विकास गरेको सेप (SHEP) पद्धतिलाई नेपालको परिस्थिति अनुसार अवलम्बन गरेको छ ।[1]

[1]JICA (2018) *SHEP Handbook for Extension Staff: Practical Guide to the Implementation of the SHEP Approach*, Japan International Cooperation Agency, Tokyo

https://www.jica.go.jp/english/our_work/thematic_issues/agricultural/shep/index.html

## Preface

We are very glad to present the Operational Guidelines of the Commercial Agriculture Promotion (CAP) Approach. This is an output of the "Sindhuli Road Corridor Commercial Agriculture Project (SRC-CAP)", which has been implemented for five years between 2014 and 2020 by the Ministry of Agriculture and Livestock Development (MOALD) through the Department of Agriculture (DOA) with the technical and financial assistance from the Japan International Cooperation Agency (JICA).

SRC-CAP aimed at facilitating smallholder farmers to shift their mind-set and behavior from "Grow and Sell" to "Grow to Sell", in order for them to increase their agriculture income by undertaking market-oriented agriculture. To this end, the project enhanced the knowledge and skills in vegetable farming and marketing of the target farmers and officials and staff of the three tiers of government of Nepal, by adapting the SHEP Approach of JICA into the reality of the target farmers.

The Operational Guidelines consist of the following three volumes. First, "The CAP Approach Handbook for Extension Staff" explains the concept behind as well as the procedure to facilitate farmer groups to carry out a series of the CAP Approach activities. This volume is targeting the extension staff of the local governments and other organizations, which are involved in providing agricultural extension services to farmer groups.

Secondly, "The Manual for Training to Extension Staff to Promote the CAP Approach" provides the concept behind as well the procedure to conduct a series of training on the CAP Approach. This volume is targeting to the officials and staff from Ministry of Land Management, Agriculture and Cooperatives (MOLMAC); Agriculture Development Directorate (ADD) and other organizations of the provincial governments, providing technical backstopping to extension staff.

Finally, "The CAP Approach Guidelines for Local, Provincial and Federal Governments" explains to decision makers and officials of the three tiers of governments of Nepal, about the concept behind as well as the procedure to apply the CAP Approach within their own jurisdictions in view of the promotion of market-oriented agriculture to smallholder farmers.

These three volumes were produced based on the experiences and lessons learnt through the implementation of SRC-CAP, with inputs from DOA, MOLMAC and ADD of Province 3, the 10 Local Governments of Dhulikhel, Namobuddha, Roshi, Temal, Melung, Khandadevi, Sunapati, Sunkoshi, Golanjor, Kamalamai, and the JICA Project Team for SRC-CAP.

In conclusion, I would like to express my sincere congratulations and appreciation to all the stakeholders from the institutions mentioned above for achieving the project objective and for producing this set of Operational Guidelines. I also extend my cordial thanks to JICA for its cooperation in the implementation of this important project. Even after the completion of SRC-CAP, all stakeholders will coordinate and collaborate to promote market-oriented agriculture to our smallholder farmers by referring to the Operational Guidelines. I hope that as many stakeholders and farmers as possible have opportunities to touch and apply this precious CAP Approach.

February 2020, Kathmandu

Ms. Niru Dahal Pandey
Director General, Department of Agriculture
(DOA)

## बिषयबस्तुको सुची


PART 1. पृष्ठभूमि (BACKGROUND) ........ 1

1.1 CAP पद्धतीले सिर्जना गर्ने दृश्य परिवर्तन (Paradigm change the CAP Approach brings) ........ 1

1.2 CAP पद्धतिको परीक्षणपछिको प्रभाव (Tested impact of the CAP Approach) ........ 1

1.3 व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिबाट थप किसानहरूलाई लाभान्वित बनाउने कार्य ........ 2

PART 2. निर्देशिकाको उद्देश्य (PURPOSE OF THE GUIDELINES) ........ 2

PART 3. CAP पद्धतिको सिंहावलोकन (OVERVIEW OF THE CAP APPROACH) ........ 4

3.1 CAP पद्धतिको उद्देश्य -Purpose of the CAP Approach) ........ 4

3.2 CAP पद्धतिका दुई सहयोगी स्तम्भ (Two Key Supporting Pillars) ........ 4

3.3 CAP पद्धतिका ४ महत्वपूर्ण चरणहरु (CAP Approach’s Four Essential Steps) ........ 8

3.4 उत्प्रेरणा र सीप विकासबिचको आपसी सम्बन्ध (Interlinkage Between Motivation and Skills Development) ........ 9

3.5 CAP पद्धतिमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (“Gender and Social Inclusion” in the CAP Approach) ........ 10

3.6 कार्यान्वयनका चरणहरू (Implementation Steps) ........ 12

PART 4. सरकारहरूबीचको अपेक्षित समन्वय र सहकार्य (EXPECTED COORDINATION AND COLLABORATION AMONG THE GOVERNMENTS) ........ 13

PART 5. स्थानीय सरकारहरूले खेल्नुपर्ने भूमिका (ROLES TO BE PLAYED BY LOCAL GOVERNMENTS) ........ 15

5.1 भूमिकाहरूको सिंहावलोकन (Overview of the roles) ........ 15

5.2 भूमिकाहरूको विस्तृत विवरण (Details of the roles) ........ 15

मेलुङ क्याप (Melung CAP) मा CAP पद्धतिको परिमार्जन ........ 20

PART 6. प्रदेश सरकारहरूले खेल्नुपर्ने भूमिका (ROLES TO BE PLAYED BY PROVINCIAL GOVERNMENTS) ........ 26

6.1 भूमिकाहरूको सिंहावलोकन (Overview of the roles) ........ 26

6.2 भूमिकाहरूको विस्तृत विवरण (Distribution of roles) ........ 26

PART 7. सङ्घीय सरकारले खेल्नुपर्ने भूमिका (ROLES TO BE PLAYED BY THE FEDERAL GOVERNMENT) ........ 29

7.1 भूमिकाहरूको सिंहावलोकन (Overview of the roles) ........ 29

7.2 भूमिकाहरूको विस्तृत विवरण (Details of the roles) ........ 29

PART 8. सरकारहरूबाट हुनुपर्ने अन्य महत्वपूर्ण सहयोगहरू (OTHER CRITICAL SUPPORT FROM THE GOVERNMENTS) ........ 30

PART 9. निष्कर्ष (CONCLUSION) ........ 30

## ABBREVIATIONS

| Abbreviation | Original Name |
|---|---|
| ABPSTC | Agri-business Promotion and Support Training Centre of provincial government |
| ADD | Agriculture Development Directorate of provincial government |
| AKC | Agriculture Knowledge Centre of provincial government |
| CAP | Commercial Agriculture Promotion |
| DOA | Department of Agriculture of the federal government |
| FF | Field Facilitator |
| FG | Farmer Group |
| JICA | Japan International Cooperation Agency |
| JT | Junior Technician (Extension staff) |
| JTA | Junior Technical Assistant (Extension staff) |
| MOAD | Ministry of Agriculture Development (up to 2018) of the central government |
| MOALD | Ministry of Agriculture and Livestock Development (from 2019) of the federal government |
| MOLMAC | Ministry of Land Management, Agriculture and Cooperatives of provincial government |
| OJT | On-the-Job-Training |
| SHEP | Smallholder Horticulture Empowerment and Promotion |
| SMS | Subject Matter Specialist (Extension staff) |
| SRC-CAP | Sindhuli Road Corridor Commercial Agriculture Promotion Project |
| TOT | Training of Trainers |

# PART 1. पृष्ठभूमि (BACKGROUND)

## 1.1 CAP पद्धतीले सिर्जना गर्ने दृश्य परिवर्तन (Paradigm change the CAP Approach brings)

नेपाल सरकार तथा जापान सरकारका बीचको एउटा प्राविधिक सहयोग आयोजनाका रूपमा 'सिन्धुली सडक खण्ड व्यावसायिक कृषि प्रवर्द्धन आयोजना' (SRC-CAP) सन २०१५ मार्चदेखि सन २०२० मार्चसम्म पाँचवर्षका लागि कार्यान्वयन गरिएको थियो । सो आयोजनाले काभ्रे, रामेछाप, दोलखा र सिन्धुली जिल्लाका साना किसानहरूको 'उत्पादन पछि बिक्री' को मनोभाव लाई 'बेच्नका लागि उत्पादन' मा परिवर्तन गर्न सहजीकरण गर्दै बजारमुखी तरकारी उत्पादन प्रवर्द्धन गर्ने लक्ष्य राखेको थियो ।

किसानहरूले पहिले बाली उत्पादन गर्ने र त्यसपछि बाली काटने समयमा खरीदकर्ताहरूको खोजी गर्ने गरेका छन् । यस तरिकाबाट किसानहरूले आफ्नो उत्पादनको राम्रो मूल्य पाउन सहज हुँदैन ।कहिले काहिँ त आफ्नो सम्पूर्ण उत्पादन बिक्री गर्नका लागि खरीदकर्ता नै नपाउने अवस्था पनि आउन सक्दछ ।


यसका विपरित 'SRC-CAP' ले किसानहरूलाई उत्पादनका लागि बाली छनौट गर्नुपूर्व नै बजारबाट माग सम्बन्धी आवश्यक जानकारीहरू, जस्तैः बालीको जात, बिक्री गर्ने समय, बाली प्याकिङ गर्ने तरिका र आकार आदि प्राप्त गर्न प्रोत्साहित गरेको छ । त्यसैले यस आयोजनाले किसानहरूलाई खरीदकर्ताहरूसँग मात्र नभई सामग्री तथा सेवा आपूर्तिकर्ताहरूसँग पनि जानकारी आदान-प्रदान गर्न गराउनका लागि निरन्तर सम्पर्कमा रही व्यावसायिक सम्बन्ध विस्तार गर्न प्रोत्साहित गरेको छ ।

खरीदकर्ता तथा आपूर्तिकर्ताहरूबाट प्राप्त जानकारीहरूको आधारमा किसानहरूले आफ्नो 'व्यावसायिक' योजना तयार गरी कार्यान्वयन गर्दछन् । त्यसैले बाली काटने समय नजिक आउँदा, किसानहरूले आफ्नो उत्पादन कसलाई कति मूल्यमा बिक्री गर्ने हो भनेर पहिल्यै थाहा पाएका हुन्छन । यसरी किसानहरूले नाफा आर्जन गर्ने कुराको सुनिश्चितता गर्न सक्दछन ।

## 1.2 CAP पद्धतिको परीक्षणपछिको प्रभाव (Tested impact of the CAP Approach)

माथि उल्लेख गरिए अनुसार मनोभाव परिवर्तन प्रवर्द्धन गर्न आयोजनाद्वारा जाइकाको 'साना किसान बागवानी सशक्तीकरण र प्रवर्द्धन पद्धति' (SHEP) लाई चारवटा जिल्लाको वास्तविक स्थितिमा प्रयोग गरी व्यावसायिक कृषि प्रवर्द्धन आयोजना पद्धतिको विकास गरिएको थियो ।

वि.सं. २०७५ र २०७६ को एक वर्षभित्र (तेस्रो चक्रको पहिलो र दोस्रो याममा) 'व्यावसायिक कृषि प्रवर्द्धन आयोजना (CAP) पद्धतिको प्रयोगको फलस्वरूप लाभान्वित कृषक-घरधुरीहरूको तरकारी खेतीबाट औसतमा कुल नाफा ८०% ले वृद्धि (रु. २०,३३४।- बाट रु. ३८,२८७-) भयो । यसलाई चित्र नं. १ मा देखाइएको छ ।




*चित्र नं.१ :एक वर्षको तेस्रो चक्रमा लक्षित कृषक समूहको औसत खुद नाफामा भएको वृद्धि*(2075/2076B.S)

Source: SRC-CAP

अझ महत्वपूर्ण रूपमा भन्ने हो भने, कृषक र कृषिप्रसारकर्ताहरू जसले आयोजनाका क्रियाकलाप मार्फत खेती र बजारीकरण सम्बन्धी सीप हासिल गरेका छन, आयोजना सकिएपछि पनि उनीहरूले आफैं आफ्नो व्यवसाय (तरकारी खेती र प्रसार सेवा) मा उक्त पद्धतिको प्रयोगलाई निरन्तरता दिइरहनेछन् ।

### 1.3 व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिबाट थप किसानहरूलाई लाभान्वित बनाउने कार्य

व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिबाट थप किसानहरूलाई लाभान्वित बनाउने कार्य 'व्यावसायिक कृषि प्रवर्द्धन पद्धति' सानाकिसानहरू माझ बजारमुखी तरकारी उत्पादन प्रवर्द्धन गर्ने एउटा प्रभावकारी कृषि प्रसार पद्धति हो ।



सङघीय प्रणाली अनुसार भएको सुधारको परिणाम स्वरूप सरकारी संरचनाहरूमा परिवर्तन भएको छ र सङघीय, प्रदेश तथा स्थानीय सरकारहरू स्थापना भएका छन । फलस्वरूप, कृषि प्रसार सेवाहरूको जिम्मेवारी स्थानीय सरकारहरूमा रहेको छ । यसैबीच प्रदेश सरकारहरूलाई पनि कृषि प्राविधिक सेवा वितरण मार्फत स्थानीय सरकार र किसानहरूलाई आर्थिक एवम प्राविधिक सहयोग गर्ने जिम्मेवारी रहेको छ । सङघीय सरकारको जिम्मेवारीअन्तर्गत नीति-निर्माण गर्ने, प्रसार-सेवाको मापदण्ड लागू गर्ने र नियमन गर्ने साथै अनुदानतथा कृषि सामग्रीहरूको प्रभावकारी व्यवस्थापन गर्ने कार्यहरू रहेका छन् ।

नयाँ क्षेत्र, जिल्ला वा नगरपालिकाहरूमा 'व्यावसायिक कृषि प्रवर्द्धन पद्धति' र यसको दिगोपनाको पुनरावृत्ति(replicability)बढाउनका लागि आयोजनाले 'व्यावसायिक कृषि प्रवर्द्धन (CAP) पद्धति'को परिचालन निर्देशिकाहरूको एउटा भागको रूपमा स्थानीय, प्रादेशिक र सङ्घीय सरकारहरूका लागि यो निर्देशिका विकास गरिएको छ ।

स्थानीय सरकारले अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्था र व्यावसायिक फार्महरू लगायत निजी क्षेत्रसँग कृषि प्रसार सेवा करारमा लिन सक्ने व्यवस्थाका बारेमा यो आयोजना जानकार छ । ती कृषि प्रसार सेवाहरूको जिम्मेवारी पूरा गर्नका लागि निजी क्षेत्रको सेवालिने स्थानीय सरकारहरूलाई पनि यो निर्देशिका उपयोगी हुनेछ ।

## PART 2. निर्देशिकाको उद्देश्य (PURPOSE OF THE GUIDELINES)


यस निर्देशिकाले सबै स्थानीय, प्रादेशिक र सङ्घीय सरकारहरूलाई साना किसानहरू माझ बजारमुखी तरकारी उत्पादनलाई प्रोत्साहन गर्ने हेतुले आफ्नो कार्यक्षेत्रभित्र रही कसरी व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई लागू गर्न सकिन्छ भन्ने कुरामा मार्गदर्शन गर्ने उद्देश्य राखेको छ ।

यो निर्देशिकाल्‍ाई एकल रूपमा मात्र प्रयोग गर्ने नभई व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको सञ्चालन निर्देशिकाहरूका ३ वटा खण्डहरू मध्ये एउटा भागका रूपमा लिनु उपयुक्त हुनेछ । ती खण्डहरू हुन् :व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको अवधारणा, कृषि प्रसारकर्ताहरूका लागि पुस्तिका, कृषिप्रसारकर्ताहरूको तालिम निर्देशिका र नेपालका स्थानीय, प्रादेशिक तथा सङ्घीय सरकारहरूका लागि निर्देशिका । परिचालन निर्देशिकाहरूका प्रत्येक खण्डका मुख्य लक्षित पाठकहरू तालिका-१ र चित्र-२ मा प्रस्तुत गरिएकाछन् ।

**तालिका -१ :सञ्चालन निर्देशिकाका ३ वटा खण्डका मुख्य लक्षित प्रयोगकर्ताहरु**

| सञ्चालन निर्देशिकाका खण्डहरू | मुख्य लक्षित प्रयोगकर्ताहरू | सम्बन्धित संस्थाहरू |
|---|---|---|
| प्रसारकर्ताहरूका लागि पुस्तिका | कृषिप्रसारकर्ताहरू | स्थानीय सरकार<br>निजीक्षेत्र (फार्महरू, अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाहरू) |
| प्रसारकर्ताहरूका लागि तालिम निर्देशिका | प्रसारकर्ताहरूलाई तालिमदिने व्यक्तिहरू | प्रदेश सरकार<br>निजीक्षेत्र (फार्महरू, अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाहरू) |
| सरकारहरूका लागि निर्देशिका | निर्णयकर्ताहरू, योजना तथा बजेट निर्माण गर्ने अधिकारीहरू | स्थानीय, प्रदेश र सङ्घीय सरकारहरू |

Source: SRC-CAP




**चित्र नं.२ :सञ्चालन निर्देशिकाहरूका प्रत्येक खण्डका मुख्य लक्षित प्रयोगकर्ताको वर्गीकरण**

Source: SRC-CAP

## PART 3. CAP पद्धतिको सिंहावलोकन (OVERVIEW OF THE CAP APPROACH)

### 3.1 CAP पद्धतिको उद्देश्य (Purpose of the CAP Approach)

CAP पद्धतिले साना कृषकहरूमा “उत्पादन पछि बिक्रि”बाट “बेच्नका लागि उत्पादन” भन्ने व्यवहार र बानीमा परिवर्तन ल्याउने लक्ष्य लिएको छ जसकारण उनीहरू आफ्नै पहलमा आत्मनिर्भर बनी बजारमुखि कृषक बन्न सक्छन्।

नेपालमा अझै धेरै कृषकहरुले सार्बजनिक र निजि क्षेत्रका कर्मचारीले सिफारिस गरे बमोजिम बाली उत्पादन गर्छन्। बाली काटने समय नजिक आउँदा कृषकहरु ब्यापारीहरु खोज्न हतार गर्छन (उत्पादन पछि बिक्रि) । त्यसैले, धेरै कृषकहरुले आफूले नचिनेका ब्यापारीहरुलाई आशा भन्दा कम मुल्यमा आफ्नो उत्पादन बिक्रि गर्छन् ।

CAP पद्धतिले दृष्य परिवर्तन (paradigm shift) लाई प्रवर्द्धन गर्छ । यसले कृषकहरुलाई पहिले बजारको माग बारे सुचना संकलन गर्न र संकलन गरिएको सुचना बिश्लेषण गरेर मात्र आफ्नो खेती ब्यवसायका लागि निर्णय लिन प्रोत्साहन गर्छ । अझ स्पष्ट रुपमा CAP पद्धतिमा कृषकहरुले बिउ खरिद गर्ने बेलामा नै बालीको कुन जात रोप्ने,कहिले, कुन परिमाणको, कसरी र कसलाई आफ्नो उत्पादन बेच्ने भन्ने कुरा थाहा हुने अनुमान गरिएको छ (“Grow to Sell”) ।


यस्तो दृष्य परिवर्तन (paradigm shift) का लागि CAP पद्धतिले कृषकहरुको खेती र बजारीकरण सीपलाई उनीहरुले तयार गरेको बार्षिक कार्ययोजना अनुसार सुधार गर्छ ।

### 3.2 CAP पद्धतिका दुई सहयोगी स्तम्भ (Two Key Supporting Pillars)

CAP-पद्धतिले सेप (SHEP) पद्धति अवलम्बन गरी साना कृषकहरूलाई सशक्त पार्दै उनीहरूको आफ्नै प्रयासमा बजारमुखी तरकारी खेती गर्ने लक्ष्य लिएको छ। यसले कृषकहरूलाई आवश्यक बजारीकण र उत्पादन सम्बन्धी सीप प्रदान गरी दिगो रूपमा खेतीलाई व्यवसायको रूपमा स्थापना गर्न उनीहरूको क्षमता विकास गर्न प्रयास गर्छ। यस प्रक्रियामा, कृषकहरूको स्वायत्त प्रेरणालाई समर्थन गर्न विशेष जोड दिइन्छ किनभने CAP पद्धतिको परिकल्पना अनुसार कृषकहरूको आत्मनिर्भरता र दिगो परिणामको लागि महत्त्वपूर्ण कारक तत्त्व हो। तल रहेको रेखाचित्रले CAP पद्धति मा आधारित यी दुई स्तम्भलाई चित्रण गर्छ जसले दुबै कुराहरू "खेतीलाई व्यवसायको रूपमा स्थापना गर्ने" र "कृषकलाई सशक्तीकरण र उत्प्रेरित गर्ने" लाई सम्बोधन गर्छ। CAP का मेरुदण्डका रूपमा रहेका यी दुबै स्तम्भ, अर्थशास्त्रको एक सिद्धान्त" बजारको असम रूप (फरकपना)को सूचना" र अर्को मनोवैज्ञानिक सिद्धान्त "स्व-संकल्प सिद्धान्त" अनुसार शैक्षिक पाठ्यक्रम र अनुसन्धानमा आधारित छन् ।

**अर्थशास्त्रको सिद्धान्त : बजारको असम रूपको सूचना** (The Economic Theory: Market with Asymmetric Information)

बाँयातर्फको गोलाकारले CAP पद्धतिको मुख्य रणनीतिको रूपमा उत्पादनमुखी कृषिका विपरीत बजारमुखी कृषिलाई चित्रण गरेको छ। CAP पद्धतिले सूचनाको असम रूप अर्थात साना कृषक र बजारका सरोकारवाला जस्तै तरकारी विक्रेता, आपूर्तिकर्ता र वित्तीय संस्थाबिचको सूचनाको असन्तुलनमा विश्वास गर्छ जुन असक्षम स्थानीय अर्थव्यवस्थाको बलियो कारक हो। यसबाट साना कृषकहरू बढी मर्कामा परिराखेका हुन्छन्। सन २००१ मा अर्थशास्त्रमा नोबेल पुरस्कार विजेता George Akerlof, Michael Spence, र Joseph E. Stiglitz द्वारा प्रस्तावित "बजारको असम रूपको सूचना (Market with asymetric information)" भनिने अर्थशास्त्रको सिद्धान्तले यो अवस्थालाई वर्णन गर्दछ। यस सिद्धान्तले सूचनाको असम रूप कम गर्नु भनेको लेनदेनमा शक्तिको असन्तुलनलाई परिमार्जन गर्नु र स्थानीय अर्थव्यवस्थालाई जीवन्त र दक्ष बनाउनु हो भन्ने कुराको तर्क गर्छ। यस बुझाइमा आधारित भएर CAP पद्धतिले विभिन्न माध्यम जस्तै बजार सर्वेक्षण कसरी गर्ने र बजारका सरोकारवालासँग व्यावसायिक सम्बन्ध कसरी स्थापना गर्ने भन्ने जानकारी गराई कृषकहरू र उनीहरूका व्यापारिक सहयोगीबिच सूचनाको कमीलाई पुरा गर्न सहयोग गर्छ (परिच्छेद १)।




**चित्र ३ CAP पद्धतिका दुई स्तम्भ**

Source: JICA 2018 edited by SRC-CAP

## परिच्छेद १: CAP पद्धतिद्वारा सूचनाको असम रूप घटाउने ।




सूचनाको असम रूपबाट आउने **समस्याहरू**

- व्यापार अर्थात् उत्पादनको (तरकारी बाली) खरिदबिक्री स्थापना भएको छैन किनभने व्यापारीहरूले उत्पादकहरू र उत्पादकले व्यापारी भेटाउन सकेका छैनन् र उत्पादनले बजारको माग पुरा गर्न सकेको छैन, साथै निश्चित समयमा बालीहरूको आपूर्ति न्यून हुन्छ, आदि ।
- मूल्य तलमाथि हुनसक्छ किनकि कृषकहरूले बजारको मूल्य नबुझेर दिइएको अनुचित मूल्यमा सहमति गर्ने गर्छन् ।
- लेनदेन निरन्तर वा स्थिर छैन किनकि व्यापारी र कृषकहरूले एकअर्कालाई विश्वास गर्न सक्ने व्यापारिक सञ्जाल स्थापना गर्न सकेका छैनन् ।
- लेनदेन लागत जस्तै मोलतोल र खोजीको लागत धेरै छ किनकि स्थिर व्यापार सम्बन्धको अभावमा कृषकहरू र व्यापारीहरूले प्रत्येक पटक आफ्ना व्यापारिक साथी खोज्नुपर्ने हुन्छ ।

**समाधान:** CAP पद्धतिमा संलग्न कृषकको पहलमा बजार सर्वेक्षण, कृषक व्यापारीबिच अन्तर्क्रिया गोष्ठी, कृषक आपूर्तिकर्ता अन्तर्क्रिया गोष्ठी जस्ता माध्यमहरू मार्फत ।



**परिणामहरू:** सूचनाको असम रूप कम भएपछि

- कृषकहरूले आफ्नो व्यापारिक सञ्जाल फराकिलो पार्छन् र उनीहरूलाई आफ्नो व्यापारिक साझेदार छनौट गर्न धेरै विकल्पहरू हुन्छन् ।
- कृषकहरू र बजारका सरोकारवालाहरूले एकअर्काको अवस्था बुझ्दछन् र दुबैको फाइदा हुने अवस्थामा काम गर्छन् ।
- कृषकहरूले तरकारी बजारमा प्रवेश गर्न विभिन्न अवसरहरू पत्ता लगाउँछन् ।
- कृषकहरू र बजारका सरोकारवालाहरूले निरन्तर व्यापार व्यवसायका लागि विश्वास कायम गर्छन् ।

### मनोवैज्ञानिक सिद्धान्त : स्व-संकल्प सिद्धान्त (The Psychological Theory:Self-Determination Theory)

अमेरिकी मनोवैज्ञानिक, Edward Deci र Richard Ryan ले मानिसलाई उत्प्रेरित गर्न मानव उत्प्रेरणा भनिने "स्व-संकल्प सिद्धान्त"मा तीन मनोवैज्ञानिक आवश्यकतालाई प्रस्ताव गरेका छन । यस सिद्धान्तअनुसार मानिसको स्वतन्त्रता, सक्षमता वा सम्बन्धिततामा सहयोग पुग्दा ऊ उत्प्रेरित भएको महसुस गर्छ । CAP पद्धतिका सम्बन्धमा, यी ३ मनोवैज्ञानिक आवश्यकतालाई ध्यानमा राख्दै कृषकहरूलाई बजारमुखी कृषितर्फ उत्प्रेरित गर्ने क्रियाकलापको श्रृङ्खला तयार पारिएको छ (परिच्छेद २) । उदाहरणका लागि, कृषकहरूलाई उनीहरू आफैलाई बजार सर्वेक्षण सञ्चालन गर्न दिंदा उनीहरूलाई काममा आफ्नो नियन्त्रण भएको महसुस हुन्छ जसले स्वतन्त्रतालाई सहयोग गर्छ । सफलतापूर्वक बजार सर्वेक्षण सञ्चालन गरेपछि, कृषकहरूले निश्चित काममा ज्ञान र सीप(विज्ञता) हासिल गरेको महसुस गर्छन् र नयाँ सिप सिक्ने गर्छन् जसले सक्षमता विकासमा सहयोग गर्छ । अन्ततः, CAP पद्धतिले बजार सर्वेक्षणमा गएका कृषक प्रतिनिधिहरूलाई फर्किएपछि आफ्ना समूहका अन्य सदस्यहरूसँग बजार सर्वेक्षणको नतिजा सुनाउन अनुरोध गर्छ । यस प्रक्रियाका माध्यमबाट

कृषकहरूलाई उनीहरू बीचको आपसी सम्बन्ध र संलग्नता महसुस हुन्छ, फलस्वरुप यसले उनीहरूको सम्बन्धितताको मनोवैज्ञानिक आवश्यकतालाई सहयोग गर्छ ।

## दिगोपनका लागि दुई आवश्यकताको परिपूर्ति (Fulfilling Two Requirements For Sustaunability)

CAP पद्धतिको सबल पक्ष माथि व्याख्या गरिएका अर्थशास्त्र र मनोवैज्ञानिक सिद्धान्तको आवश्यकतालाई पुरा गर्न यसका सबै क्रियाकलापहरू निर्माण भएका छन् भन्ने तथ्यमा आधारित छ । अर्को शब्दमा CAP पद्धतिले बजारको सूचनाको असम रूपलाई कम गर्नुका साथै कृषकहरूको स्वतन्त्रता, सक्षमता वा सम्बन्धिततालाई चाहिने मनोवैज्ञानिक आवश्यकतामा पनि सहयोग गर्छ । यस दोहोरो उद्देश्यको मध्यस्थताका कारण, लक्षित कृषकहरूको उत्पादनपछि बिक्रीबाट ***बेच्नका लागि उत्पादन*** भन्ने चेतना र व्यवहारमा परिवर्तन भएको महसुस हुन्छ र CAP पद्धतिबारे तालिम प्राप्त गरेपछि उनीहरूले आफ्नै पहलमा कुनै बाह्य सहयोग बिना आफ्नो खेती व्यवसायलाई व्यवस्थापन गर्न सक्षम हुन्छन् । CAP पद्धतिको लक्ष्य सबै कृषकहरूलाई तालिम दिई खेती व्यवसायमा निरन्तरता र परनिर्भरताको अवस्था सिर्जना हुन नदिई उनीहरूको जीविकोपार्जनमा सुधार ल्याउनु हो ।

## परिच्छेद २: उत्प्रेरणालाई बढावा दिन ३ मनोवैज्ञानिक आवश्यकता

### स्वतन्त्रता वा स्वायत्तता (Autonomy)

स्वतन्त्रताका लागि आवश्यकता भनेको एक व्यक्तिको आफ्नै पहलमा काम गर्ने इच्छा हुनु हो, अर्थात् अरूद्वारा नियन्त्रण नहुने इच्छा हो । उदाहरणका लागि मनिसहरू चेस खेलमा प्यादा भन्दा खेलाडी हुन रुचाउँछन ।

कृषकको स्वतन्त्रताको आवश्यकतालाई सहयोग गर्न उनीहरूलाई आफ्ना कामहरू जस्तै कृषिप्रसारकर्ताको पर्याप्त अभिमुखीकरणपछि बजार सर्वेक्षण गरी बजारबारे जान्न र महसुस गर्न सक्ने अवसरहरू तयार पार्न कृषिप्रसारमा कार्यरत कर्मचारीलाई सल्लाह दिइन्छ । यस्ता प्रत्यक्ष अनुभवहरूले, कृषिप्रसारमा कार्यरत कर्मचारीको साधाराण सूचना प्रणालीभन्दा स्वतन्त्रतालाई बढी सहयोग गर्छ । साथै, कृषिप्रसारमा कार्यरत कर्मचारीहरूले भाषा छनौट गर्दा सावधान हुनुपर्छ र कहिले पनि कृषकहरूलाई कुनै काम गर्न आदेश वा निर्देशन दिनु हुँदैन । CAP पद्धतिका क्रियाकलापमा कृषकको संलग्नताका लागि कृषिप्रसारकर्ताले उनीहरूसँग तर्कसङ्गत कुरा गर्न आवश्यक छ । कुन काम कसरी गर्ने भनेर रोजाइहरू दिने र काम कसरी गर्ने भनेर उनीहरूको विचार सुन्नुपर्छ । कृषकको कामप्रति असन्तुष्टि र आलोचनाको भावनालाई स्वीकार्न जरुरी हुन्छ किनभने कृषकले उनीहरूको दृष्टिकोणलाई अर्थपूर्ण मानेको महसुस गर्दछन् । फलस्वरूप, उनीहरूलाई आफ्नै पहलमा काम गरिरहेको छु भन्ने भावनालाई प्रश्रय मिल्छ ।



### सक्षमता (Competence)



सक्षम हुनु भनेको आफ्नो वातावारणमा प्रभावकारी रूपमा जुध्न सक्ने क्षमता हो । हामीले हाम्रो वातावरणमा सफलतापूर्वक प्रभाव पार्न सक्यौं भने हामी सक्षम भएको महसुस गर्छौं, जस्तै हामी अग्रिम योजना अनुसार काम गर्न सफल हुँदा, हाम्रो क्षमतामा सुधार हुँदै जाँदा र हाम्रो जिज्ञासा सन्तुष्ट भएको अवस्थामा सक्षम भएको महसुस गर्छौं । कृषकको सक्षमतामा सहयोग गर्न, लक्ष्यप्राप्तिका लागि गरिने कामहरूलाई विभिन्न साना चरणहरूमा विभाजन गर्न र उनीहरूले आफ्नो कामको प्रभाव महसुस गर्न अल्पकालिन खुडकिलाहरुको संख्या बढाउन जरुरी छ । यसका साथै कृषकहरूले के गरिरहेका छन् भन्ने कुरामा निश्चित हुन

जरुरी छ जसले गर्दा उनीहरू आफू कसरी अगाडि बढिरहेका छन् भन्ने कुरा मूल्याङ्कन गर्न उपयोगी ज्ञान प्राप्त गर्छन् । दुबै कुराबाट प्रत्येक साना लक्ष्य प्राप्त गर्न वा अल्पकालिन खुडकिलाहरु पार गर्न कृषकहरूले के, किन, कहिले र कसरी काम गर्न आवश्यक हुन्छ भन्ने कुरा बुभ्न यो उपयोगी हुन्छ ।

### सम्बन्धितता (Relatedness)

सम्बन्धितता भनेको अन्य व्यक्तिहरूसँग राम्रो सम्बन्ध कायम राख्ने इच्छा हो । काम दिने व्यक्ति र काम लिने व्यक्तिबिचको सम्बन्धले कामप्रतिको पछिल्लो प्रेरणामा ठूलो असर पार्दछ । कृषिप्रसारकर्तालाई CAP पद्धतिका क्रियाकलाप गर्ने कृषकहरूले विश्वास गर्नु भनेको सम्बन्धित सहयोगको लागि महत्त्वपूर्ण कुरा हो । कृषकमा विश्वास कायम गर्न, कृषिप्रसारकर्तालाई CAP पद्धतिमा संलग्नताबारे कृषकहरूको भनाइ ध्यानपूर्वक सुन्न तथा शारीरिक र मनोवैज्ञानिक दुबै रूपमा कृषकका लागि उपलब्ध हुन सल्लाह दिइन्छ जसकारण कृषकहरूले उनीहरूलाई बिश्वास गर्न सक्छन् ।



## 3.3 CAP पद्धतिका ४ महत्वपूर्ण चरणहरु (CAP Approach's Four Essential Steps)

### चार आवश्यक चरणहरू

स्व-संकल्प सिद्धान्तअनुरूप CAP पद्धतिले लक्षित कृषकलाई क्षमता विकास तालिमको एक श्रृङ्खला प्रदान गर्छ जसमा कृषकको ३ मनोवैज्ञानिक आवश्यकतालाई सहयोग गर्दै र सूचनाको फरकपनालाई कम गरी उनीहरूको उत्प्रेरणामा वृद्धि गरिन्छ । उदाहरणका रूपमा CAP पद्धतिले कृषकहरूलाई विभिन्न तालिमहरू प्रदान गर्छ । यस प्रक्रियालाई तल चित्रण (तालिका १) गरे बमोजिम "CAP पद्धतिका चार आवश्यक चरण" भनिन्छ ।

यसबाहेक, कृषिप्रसारकर्तालाई गएको सिजनको सिकाई र अनुभव अर्को सिजनका क्रियाकलापमा उपयोग गर्नका निम्ति कृषक समूहका सदस्यहरूलाई प्रत्येक चरणहरूको पुनरावलोकन गरी सहजीकरण गर्न सिफारिस गरिन्छ ।

| चार चरणहरू | क्रियाकलापहरू |
|---|---|
| १.कृषकले उद्देश्य बुभ्ने | -CAP पद्धतिबारे गोष्ठी |
| २. कृषकको चेतनामा अभिवृद्धि | - (वैकल्पिक) कृषक-व्यापारीबिच अन्तर्क्रिया गोष्ठी<br>- कृषकले गर्ने बजार सर्वेक्षण<br>-(वैकल्पिक) कृषक-आपूर्तिकर्ता अन्तर्क्रिया गोष्ठी<br>- सहभागितामूलक आधारभूत सर्वेक्षण<br>- अवलोकन भ्रमण |
| ३. कृषकले निर्णय लिने | - कार्ययोजना निर्माण (बालीछनोट, बालीपात्रो निर्माण, श्रोतपरिचालन) |
| ४.कृषकमा सीप आर्जन | -स्थलगत तालिम |
| अनुगमन (सहभागितामूलक अन्तिम सर्वेक्षण समावेश गरिएको) | |

**चरण १. कृषकहरूले उद्देश्य बुझ्ने**

CAP पद्धतिले लाभान्वित कृषकहरूलाई यसको लक्ष्य र दृष्टिकोणबारे जानकारी दिनु एउटा महत्त्वपूर्ण पहिलो चरणको रूपमा मान्दछ किनकि कृषकहरूले तालिम अवधिभर आर्थिक रूपमा व्यावहारिक खेती व्यवसाय सफल पार्न कोसिस गर्दछन् । CAP पद्धतिले कोसिस गरेको लक्ष्य प्राप्त गर्न कृषकहरू विश्वस्त र सहमत हुन आवश्यक छ । CAP पद्धतिबारे गोष्ठी लक्षित कृषकहरूसँग आयोजनको लक्ष्य जानकारी गराउने एउटा निश्चित तरिका हो ।

**चरण २. कृषकको चेतनामा अभिवृद्धि**

दोस्रो चरण, तरकारी खेतीका अवसर र सम्भावनाबारे कृषकहरूको चेतना बढाउने कुरासँग सम्बन्धित छ । यो चरण एकदमै महत्त्वपूर्ण छ किनकि यो चेतनाबिना कृषकहरूलाई अझ राम्रो गर्न तथा उनीहरूको खेती प्रणालीमा परिवर्तन ल्याउन उत्प्रेरित गर्न सम्भव छैन । यस चरणले मुख्यतया कृषकहरूलाई व्यवसायतर्फ र बजारको वास्तविकतासँग संलग्न गराउँछ । दास्रो चरणका क्रियाकलापहरूमा सहभागितामूलक आधारभूत सर्वेक्षण, कृषक आफैले गर्ने बजार सर्वेक्षण, अवलोकन भम्रण र कृषक-आपूर्तिकर्ता अन्तर्क्रिया गोष्ठी, (वैकल्पिक क्रियाकलापका रूपमा), कृषक-आपूर्तिकर्ता अन्तर्क्रिया गोष्ठी (वैकल्पिक क्रियाकलापका रूपमा) समावेश छन् ।

**चरण ३. कृषकले निर्णय लिने**


दास्रो चरणमा कृषकहरूले सिकेको नयाँ ज्ञान,सीप र चेतनाबाट उनीहरूले परिवर्तनका लागि निर्णय लिन्छन् । यो तेस्रो चरणलाई कार्ययोजना निर्माण भनिन्छ । यस प्रक्रियामा (१) लक्षित बालीछनोट, (२) बालीपात्रो निर्माण, (३) श्रोतपरिचालन समावेश छन् जसले उनीहरूलाई रणनीतिक रूपमा आफ्नो लक्षित बालीहरूलाई सही समयमा उनीहरूले रोजेको बजारमा आपूर्ति गर्न सक्षम गराउँछ ।

**चरण ४. कृषकले सीप आर्जन गर्ने**

चौथो चरणको रूपमा कृषिप्रसारकर्ताले कृषकहरूलाई खेती र बजारीकरणका चुनौतीमा प्राविधिक सहयोग उपलब्ध गराउँछन् अर्थात् कृषकहरूले छनौट गरेका तरकारी बाली उत्पादन गर्न स्थलगत तालिम दिइन्छ जसकारण उनीहरूले आफ्नो योजनाअनुसार उत्पादन गर्न सक्छन् ।

## 3.4 उत्प्रेरणा र सीप विकासबिचको आपसी सम्बन्ध (Interlinkage Between Motivation and Skills Development)

किन CAP पद्धतिले सिधै चौथो चरण, स्थलगत तालिम सञ्चालन नगरी समय खर्च हुने चार चरणहरू सञ्चालन गर्छ ? यस्तो किन गर्छ भने CAP पद्धतिले कृषकहरूलाई नयाँ सीप आर्जन गर्न पहिले उनीहरूहरूलाई उत्प्रेरित गर्नुपर्छ भन्ने कुरामा विश्वास राख्छ । CAP पद्धतिले कृषकहरूको उत्प्रेरणा र सीप विकासबिचको आपसी सम्बन्धलाई ध्यानमा राख्ने कुरामा विश्वास लिन्छ । तल चित्रमा (चित्र २) दिइएको अनुसार, कृषकहरू उत्प्रेरित नहुँदा उनीहरूलाई नयाँ सीप सिक्न गाह्रो हुन्छ । अर्कोतर्फ, उनीहरूले आफ्नो सीपमा आएको सुधार महसुस गरेमा मात्र उनीहरूको आत्मविश्वास अझ बलियो हुन्छ र थप काम गर्न उत्प्रेरणा मिल्छ ।




**चित्र २ उत्प्रेरणा र सीप विकासबिचको आपसी सम्बन्ध**

Source:JICA 2018 edited by SRC-CAP

CAP पद्धतिका चार चरणहरू वा क्रियाकलापको अधिकतम क्रमले कृषकहरूको उत्प्रेरणा र सीप विकासबिचको आपसी सम्बन्धलाई ध्यान दिएको कुरा नेपालमा प्रमाणीकरण र जाँच गरिएको छ। त्यसैले, यसले कृषकको सीपआर्जन र उच्च उत्प्रेरणामा सर्वोत्तम परिणाम ल्याउन सक्छ ।

### 3.5 CAP पद्धतिमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण ("Gender and Social Inclusion" in the CAP Approach)

कृषि विकास रणनिति २०१५-२०३५ लाई आत्मसाथ गर्दै CAP पद्धतिले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई एउटा महत्त्वपूर्ण अन्तर सम्बन्धित मुद्दाका रूपमा विषयगत क्षेत्रमा जोड दिई आफ्ना सम्पूर्ण क्रियाकलापमा यसको भावमा जोड दिएको छ। आयोजनाले श्रीमान/श्रीमती लगायत एकै घरधुरी वा परिवारका खेतीमा सहयोग गर्ने सदस्यलाई व्यावसायिक साझेदारका रूपमा उनीहरूको तरकारी खेती र बजारीकरणको जिम्मेवारी, कामको भार र फाइदा बाँडफाँड गर्नुलाई बजारमुखी तरकारी उत्पादनमा सफलताका कारक मध्ये एक महत्त्वपूर्ण कारक हो भन्ने विश्वास लिएको छ ।

CAP पद्धतिले निम्न लिखित क्रियाकलापमा ती एकै घरधुरी वा परिवारका खेतीमा सहयोग गर्ने सदस्यहरूलाई व्यावसायिक साझेदारहरूका रूपमा लिई खेती क्रियाकलाप र बजारीकरणमा सामूहिक निर्णयमा जोड दिन्छ ।

१) प्रारम्भिक चरणमा कृषकसमूहका सदस्यलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी तालिम प्रदान गर्ने जसकारण उनीहरूले बजारमुखी तरकारी खेतीमा यसको महत्त्व बुझ्न सक्छन् ।

२) महिला र सीमान्तकृत सदस्यहरूको आवाज समावेश गर्न उनीहरूलाई समूहको निर्णय गर्ने पदमा (अध्यक्ष, सचिव, कोषाध्यक्ष आदि) रहन प्रोत्साहन गर्ने ।

३) समूहका महिला पुरुष दुबै सदस्यहरूलाई व्यावसायिक तरकारी खेतीमा ज्ञान र सीप वृद्धि गर्न क्षमता विकासका सबै क्रियाकलापमा समान अवसर प्रदान गर्ने ।

४) कृषकसमूहका सदस्यहरूलाई आफ्नो खेतीको अभिलेख राख्न र यसको अवस्था परिवारका अन्य सदस्यहरूलाई जानकारी गराउन प्रोत्साहन गर्ने ।

५) कृषकसमूहका सदस्यहरूलाई आयोजनाका क्रियाकलापबाट सिकेका पाठहरू परिवारका अन्य सदस्यलाई जानकारी गराउन प्रोत्साहन गर्ने जसले घरधुरी स्तरमा तरकारी खेती र बजारीकरणमा उनीहरूको खेतीमा सहयोग गर्ने परिवारका सदस्य व्यावसायिक साझेदारका रूपमा संयुक्त रूपमा मिलेर निर्णय लिन सक्छन् ।

## 3.6 कार्यान्वयनका चरणहरू (Implementation Steps)

तल दिइएको चित्रले कार्यान्वयनका चरणहरूको चित्रण गर्छ। निम्नलिखित भाग २ खण्डमा वर्णन गरेअनुसार CAP पद्धतिका ४ आधारभूत चरणहरू छन्। एक वर्ष सहयोगपछि, पहिलो र दोस्रो सिजनको सिकाइबाट कृषकहरू उत्पादनमा र दोस्रो वर्ष बजारीकरणमा बढी रणनीतिक रूपमा जान सक्छन्। प्रभावकारी नतिजाका लागि कृषकहरुले २ बर्षका ४ सिजनमा यो चक्रलाई दोहोयाउन सिफारिस गरिन्छ।




**चित्र ५:एक सिजनका कियाकलापहरुको कम**


Source: SRC-CAP

## PART 4. सरकारहरूबीचको अपेक्षित समन्वय र सहकार्य (EXPECTED COORDINATION AND COLLABORATION AMONG THE GOVERNMENTS)

नेपालको संविधान, २०७२ ले अनुसूची-१ मा उल्लेख भए अनुसार कृषि क्षेत्रका जिम्मेवारीहरूलाई स्थानीय, प्रदेश र सङ्घीय सरकारहरू बीच बाँडफाँट गरेको छ । तलको चित्रमा देखाइए बमोजिम कृषि प्रसार सेवामा योगदान दिनकालागि सबै स्थानीय, प्रदेश र सङ्घीय सरकारका तहहरूमा विभिन्न निकायहरू स्थापना भएका छन् ।

तरकारी खेती र बजारीकरण सम्बन्धी अनुसन्धान र तालिम सञ्चालन गर्नका लागि सङ्घीय र प्रदेश सरकारहरूसँग फार्म, केन्द्र र प्रयोगशालाहरूको व्यवस्था भएतापनि स्थानीय सरकारहरूलाई भने ती कार्यहरूका लागि आफ्नै जनशक्ति, उपकरण र बजेट सहितका पूर्वाधारहरूको व्यवस्थापन गर्न कठिन छ। तसर्थ, स्थानीय सरकारलाई कृषि प्रसारको जिम्मेवारी प्रदान गर्ने बेलामा सङ्घीय र प्रदेश सरकारहरूले आ-आफ्नो नीति र योजना अनुरुप प्राविधिक एवम् आर्थिक सहयोग गर्ने परिकल्पना गरिएको थियो ।

तीनवटै तहका सरकारहरूले कृषि प्रसार सेवा प्रभावकारी रूपमा उपलब्ध गराउनका लागि उनीहरू बीच सहकार्य र समन्वयको व्यवस्था हुनु आवश्यक छ । त्यस्तो सहकार्य र समन्वयको व्यवस्थाले कुनै पनि तहको सरकारले व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई प्रभावकारी ढङ्गले र कुशलतापूर्वक लागू गर्नका लागि सहजीकरण गर्न सक्नेछ । अझ भन्ने हो भने, व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको साझा कार्यान्वयनबाट तीनवटै तहका सरकारहरूले एउटा प्रभावकारी सहकार्य र समन्वयको परिपाटी निर्माण र सुदृढीकरण गर्न सक्नेछन्, जुन अन्य परियोजनाहरूमा पनि कृषि प्रसार सेवाप्रदान गर्नका लागि प्रयोग गर्न सकिन्छ ।




चित्र ५ : सङ्घीय नेपालमा कृषि प्रसार प्रणालीमा भूमिका खेल्ने मुख्य निकायहरू

व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गर्नका लागि तीनवटै तहका सरकारहरूले पूरा गर्नुपर्ने अपेक्षित भूमिकाहरू तालिका -३ मा प्रस्तुत गरिएका छन् । यी भूमिकाहरूको बाँडफाँट प्रस्तावका रूपमा पेश गरिएका छन् र प्रत्येक तहको सरकारले आफ्नो विस्तृत भूमिका तथा अन्य सरकारहरूसँग गर्ने सहकार्य र समन्वयका बारेमा आफैं निर्णय लिन सक्नेछन् । स्थानीय सरकारले कृषक समूहहरूलाई सेवाप्रदान गर्ने तथा आफ्ना प्रसारकर्ताहरूले प्रदान गर्ने सेवालाई थप प्रभावकारी बनाउन निजी क्षेत्रलाई पनि करारमा लिन सक्नेछन् ।

तालिका -३ : स्थानीय, प्रदेश र सङ्घीय सरकारहरूको भूमिका बाँडफाँट

| तह | संस्था | व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयनमा अपेक्षित भूमिका |
|---|---|---|
| स्थानीय | गाउंपालिका /नगरपालिका कार्यलय, कृषि शाखा | १. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई बुझेर यसको कार्यान्वयनका फाइदा र बेफाइदा बारे विश्लेषण गर्ने<br>२. व्यावसायिक कृषि प्रवर्द्धन पद्धति अन्तर्गतका गतिविधिलाई स्थानीय सरकारको योजना र वार्षिक बजेटमा समावेश गरी यसलाई साना किसानहरू माझ बजारमुखी तरकारी खेती प्रवर्द्धन गर्ने आफ्नो दृष्टिकोणका रूपमा अनुमोदन गर्ने<br>३. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको आधारका रूपमा आफ्नो कार्यक्षेत्र भित्रका किसानहरूका लागि पायक पर्ने बजारहरूको सूची तयार गर्ने<br>४. किसानहरूको वस्तुस्थितिको आधारमा पारदर्शी रूपले मापदण्ड तयार गरी लाभग्राही कृषक समूहहरूको छनौट गर्ने<br>५. प्रसारकर्ताहरूलाई छनौट भएका कृषक समूहहरू माझ व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गर्न अनुकूल वातावरण सिर्जना गर्ने<br>६. प्रदेश सरकार तथाअन्य सान्दर्भिक संस्थाहरूको सहकार्यमा प्रसारकर्ताहरूका लागि प्राविधिक सहयोगको व्यवस्था गर्ने<br>७. आफ्नो कार्यक्षेत्र भित्रका व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गरिने ठाउँहरूको अनुगमन गर्ने र आफ्नो सभा, प्रसारकर्ता, कृषक समूह, अन्य सरकार र संस्थाहरूलाई पृष्ठपोषण दिने |
| प्रदेश | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (भू. व्य. कृ. स. म.), कृषिविकास निर्देशनालय, कृषि ज्ञान केन्द्र तथा अन्य फार्म, केन्द्र र प्रयोगशालाहरू | १. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई बुझेर यसको कार्यान्वयनका फाइदा र बेफाइदा बारे विश्लेषण गर्ने<br>२. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका गतिविधिहरूलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको योजना र बार्षिक बजेटमा समावेश गरी यसलाई सानाकिसानहरू माझ बजारमुखी तरकारी खेती प्रवर्द्धन गर्ने आफ्नो दृष्टिकोणका रूपमा अनुमोदन गर्ने<br>३. आफ्नो प्रदेशका स्थानीय सरकारहरू समक्ष व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका बारेमा प्रसार गर्ने<br>४. अनुरोध भई आएमा स्थानीय सरकारका अधिकारीहरूलाई व्यावसायिक कृषि प्रवर्द्धन पद्धति सम्बन्धी तालिम प्रदान गर्ने<br>५. कृषि विकास निर्देशनालय, स्थानीय सरकार तथा अन्य सान्दर्भिक संस्थाहरूको सहकार्यमा कृषि ज्ञान केन्द्र, फार्म, अन्य केन्द्रहरू साथै प्रयोगशालाका प्रसारकर्ताहरूका लागि प्राविधिक सहयोगको व्यवस्था गर्ने<br>६. आफ्नो कार्यक्षेत्रभित्रका व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गरिने ठाउँहरूको अनुगमन गर्ने । आफ्नो सभाका साथै सम्बन्धित स्थानीय सरकारहरूलाई पृष्ठपोषण दिने |
| संघ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृ. प. वि. म.), कृषिविभाग | १. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई बुझेर यसको कार्यान्वयनका फाइदा र बेफाइदाबारे विश्लेषण गर्ने<br>२. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका गतिविधिहरूलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय/कृषि बिभागको योजना र बार्षिक बजेटमा समावेश गरी यसलाई सानाकिसानहरू माझ बजारमुखी तरकारी खेती प्रवर्द्धन गर्ने आफ्नो दृष्टिकोणका रूपमा अनुमोदन गर्ने सातै प्रदेशका सरकारहरू समक्ष व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका बारेमा प्रसार गर्ने<br>३. व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गरिने ठाउँको अनुगमन गर्ने र भू. व्य. कृ. स. म., स्थानीय सरकार र संस्थाहरूलाई पृष्ठपोषण दिने |

Source: SRC-CAP

## PART 5. स्थानीय सरकारहरूले खेल्नुपर्ने भूमिका (ROLES TO BE PLAYED BY LOCAL GOVERNMENTS)



### 5.1 भूमिकाहरूको सिंहावलोकन (Overview of the roles)

स्थानीय सरकारले व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन निम्न सातवटा भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

१. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई बुझेर यसको कार्यान्वयनका फाइदा र बेफाइदाबारे विश्लेषण गर्ने ।

२. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका गतिविधिहरूलाई स्थानीय सरकारको योजना र वार्षिक बजेटमा समावेश गरी यसलाई सानाकिसानहरू माझबजारमुखी तरकारी खेती प्रवर्द्धन गर्ने आफ्नो पद्धतिका रूपमा अनुमोदन गर्ने ।

३. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको एउटा आधारका रूपमा आफ्नो कार्यक्षेत्र भित्रका किसानहरूका लागि पायक पर्ने बजारहरूको सूची तयार गर्ने ।

४. किसानहरूको वस्तुस्थितिको आधारमा (पारदर्शी रूपले) मापदण्ड तयार गरी लाभग्राही कृषक समूहहरूको छनौट गर्ने ।

५. प्रसारकर्ताहरूलाई छनौट भएका कृषक समूहहरू माझ व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गर्न अनुकूल वातावरण सिर्जना गर्ने ।

६. प्रदेश सरकार तथा अन्य सम्बन्धित संस्थाहरूको सहकार्यमा प्रसारकर्ताहरूका लागि प्राविधिक सहयोगको व्यवस्था गर्ने ।

७. आफ्नो कार्यक्षेत्र भित्र र बाहिरका व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गरिने ठाउँको अनुगमन गर्ने र आफ्नो सभा, प्रसारकर्ता, कृषक समूह, अन्य सरकार एवम् संस्थाहरूलाई पृष्ठपोषण प्रदान गर्ने ।

### 5.2 भूमिकाहरूको विस्तृत विवरण (Details of the roles)

१. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई बुझेर यसको कार्यान्वयनका फाइदा र बेफाइदाबारे विश्लेषण गर्ने ।सबैभन्दा पहिले स्थानीय सरकारले व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिबारे सञ्चालन निर्देशिकाहरू पढेर, सम्बन्धित गोष्ठी तथा प्रदेश र सङ्घीय सरकाले आयोजना गरेका तालिमहरूबाट जानकारी प्राप्त गरेर वा लाभग्राही स्थानीय सरकार र कृषक समूहहरूको अन्तर्वार्ता मार्फत यस पद्धतिलाई बुझ्नका लागि प्रयत्न गर्न सक्दछन् । यस पद्धतिका बारेमा राम्ररी बुझिसकेपछि स्थानीय सरकारहरूले यसका फाइदा र बेफाइदाहरूका बारेमा विश्लेषण गर्नेछन् र यसलाई कार्यान्वयन गर्ने अथवा नगर्ने भनेर निर्णय लिन सक्दछन् ।

व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिले सानाकिसानहरूको मनोभाव र व्यवहारमा परिवर्तन ल्याउन सक्दछ र त्यस्तो परिवर्तन पश्चात ती किसानहरू आफ्नो खेती र बजारीकरणको व्यवस्थापनमा आत्मनिर्भर हुन सक्दछन् । यद्यपि,यो एउटा गहन मानव संसाधन पद्धति भएको हुँदा व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिमा लक्षित कृषक समूहहरूलाई कम्तीमा दुई वर्षसम्म प्रसारकर्ताको गहन रेखदेख तथा सहयोग आवश्यक हुन्छ । यस दृष्टिकोणका सम्भावित फाइदा र बेफाइदाहरूको विश्लेषण निम्नानुसार गरिएको छ ।

**तालिका-४ :व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका सम्भावित फाइदा र बेफाइदाहरू**

| फाइदाहरू | बेफाइदाहरू |
|---|---|
| लाभान्वित किसानहरूले बजारले कसरी काम गर्दछ र उनीहरूका उत्पादनहरूको मूल्य कम भएको अवस्थामा पनि आफ्ना खेतीपातीसँग सम्बन्धित गतिविधिहरू कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा बुझ्न सक्दछन् ।<br>लाभान्वित किसानहरूले तरकारी खेती र बजारीकरण सम्बन्धी ज्ञान र सीप सिक्दछन् ।<br>लाभान्वित किसान परिवारका सदस्यहरूले व्यवसाय साझेदारका रूपमा एकसाथ काम गर्नुको महत्व बुझ्दछन् ।<br>व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिबाट सिकेका ज्ञान र सीपहरूको सही प्रयोग गरेमा लाभान्वित किसानहरूको तरकारी खेतीबाट हुने मुनाफामा वृद्धि हुन्छ।<br>लाभान्वित किसान, प्रसारकर्ता, आपूर्तिकर्ता र क्रेताहरू बीच सञ्चार-सञ्जालको विकास हुन्छ।<br>प्रसारकर्ताहरूले पनि बजारमुखी तरकारी खेतीसम्बन्धी ज्ञान र सीप सिक्दछन् । | कृषिप्रसारकर्ताहरूले यस पद्धतिको कार्यान्वयन र व्यवस्थापनमा अधिक समय खर्चिनु पर्ने हुन सक्दछ ।<br>स्थानीय सरकार मार्फत एक पटकमा सीमित कृषक समूहहरू मात्र लाभान्वितहुन सक्दछन् ।<br>यस पद्धतिको प्रभाव देखा पर्न कम्तीमा एक वर्ष लाग्छ । |

Source: SRC-CAP

फाईदाहरु र बेफाईदाहरु बिच तुलनाका अतिरिक्त,स्थानीय सरकारहरूले बजारमुखी कृषि प्रवर्द्धन गर्नका लागि आफ्नो कार्यक्षेत्र भित्रका किसानहरूको वस्तुस्थिति विश्लेषण गर्ने अपेक्षा गरिएको छ। नेपालका केही भागहरूमा त्यहाँको भौगोलिक तथा जलवायुको अवस्थाले गर्दा बजारमुखी कृषि प्रवर्द्धन गर्नका लागि तरकारी उपयुक्त बाली नहुन सक्दछ। व्यावसायिक कृषि प्रवर्द्धन पद्धति तरकारी बालीमा मात्र नभई बजारमा बिक्री गरिने अन्नबाली, फलफूल, पशुपन्छीजस्ता अरू वस्तुहरूमा पनि लागू गर्न सकिन्छ।

त्यसैले स्थानीय सरकारहरूले व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गर्ने निर्णय गर्नु अघि उपयुक्त बाली वा वस्तु छनौट गर्न आफ्ना किसानहरूको अवस्था (जस्तै : पानीको पहुँच, बजार, मौसम, आदि) को विश्लेषण गर्नु आवश्यक छ।

यसबाहेक, CAP पद्धतिका कियाकलापको संयोजनलाई माबन र आर्थिक श्रोतको बास्तविक उपलब्धताको आधारमा जाँच गरिनुपर्छ । SRC-CAP ले अबलम्बन गरेको कियाकलापको संयोजनलाई सम्पूर्ण प्याकेज भनिन्छ। स्थानिय सरकारहरुले CAP पद्धति सञ्चालन गर्न तोकिएको बजेट अनुसार कियाकलापहरुलाई घटाउन वा बढाउन सक्छन ।

पद्धतिलाई असर नपर्ने गरि कियाकलापकहरु कसरी छनौट र संयोजन गर्ने भनेर CAP पद्धतिको सञ्चालन निर्देशिकाको कृषिप्रसारकर्ताका लागि पुस्तिकाको भाग ४ मा बिस्तृत रुपमा ब्याख्या गरिएको छ। सन्दर्भका लागि, सम्पूर्ण प्याकेज र न्यूनतम प्याकेजको सारांश तल दिईएको तालिका ५ र तालिका ६ मा क्रमस ब्याख्या गरिएको छ।

**तालिका ५: CAP पद्धतिको सम्पूर्ण प्याकेज**

| **चार चरणहरू** | **क्रियाकलापहरू** | **लागत (रु/समूह)** |
|---|---|---|
| पहिलो वर्ष : पहिलो सिजनको बालीका लागि (सबै क्रियाकलापहरू सञ्चालन गरिने) | | |
| १.कृषकले उद्देश्य बुझ्ने | -CAP पद्धतिबारे गोष्ठी | ६,०००/- |
| २. कृषकको चेतनामा अभिवृद्धि | - (वैकल्पिक) कृषक व्यापारीबिच अन्तर्क्रिया गोष्ठी<br>- कृषकले गर्ने बजार सर्वेक्षण<br>- (वैकल्पिक) कृषक-आपूर्तिकर्ता अन्तर्क्रिया गोष्ठी<br>- सहभागितामूलक आधारभूत सर्वेक्षण<br>- अवलोकन भ्रमण | १२,९००/-<br>२०,८५०/-<br>१२,८५०/-<br>२,९५०/-<br>३७,३५० |
| ३. कृषकले निर्णय लिने | - कार्ययोजना निर्माण (बालीछनोट)<br>- कार्ययोजना निर्माण (बालीपात्रो निर्माण)<br>- कार्ययोजना निर्माण (श्रोतपरिचालन) | ३,६५०<br>३,६५०<br>३,६५० |
| ४.कृषकमा सीप आर्जन | -स्थलगत तालिम (मत बनाउने)<br>-स्थलगत तालिम (नसरी बनाउने र बेर्ना सार्ने)<br>-स्थलगत तालिम (बाली संरक्षण)<br>-स्थलगत तालिम (पोस्टहार्भेस्ट व्यवस्थापन र बजारीकरण) | ९,५००<br>९,५००<br>९,५००<br>९,५०० |
| अनुगमन (सहभागितामूलक अन्तिम सर्वेक्षण समावेश गरिएको) | | २,९५० |
| **पहिलो वर्ष : दोस्रो सिजनको बाली** | | |
| ३. कृषकले निर्णय लिने | - कार्ययोजना निर्माण (छनोट गरिएको बालीबारे पुनर्विचार)<br>- कार्ययोजना निर्माण (बालीपात्रो निर्माणमा पुनर्विचार) | ३,६५०<br>३,६५० |
| ४.कृषकमा सीप आर्जन | -स्थलगत तालिम (नसरी बनाउने र बेर्ना सार्ने)<br>-स्थलगत तालिम (बाली संरक्षण)<br>-स्थलगत तालिम (पोस्टहार्भेस्ट व्यवस्थापन र बजारीकरण) | ९,५००<br>९,५००<br>९,५०० |
| अनुगमन (सहभागितमूलक अन्तिम सर्वेक्षण समावेश गरिएको) | | २,९५० |
| पहिलो बर्षका लागि आर्थिक सहयोग | - कार्ययोजनामा ५० प्रतिशत आर्थिक सहयोग | २,००,००० |
| **दोस्रो वर्ष : तेस्रो सिजनको बाली** | | |
| २. कृषकको चेतनामा अभिवृद्धि | - कृषकले गर्ने बजार सर्वेक्षण | २०,८५० |

| | | |
|---|---|---|
| | - अवलोकन भ्रमण | ३७,३५० |
| ३. कृषकले निर्णय लिने | - कार्ययोजना निर्माण (बालीछनोट)<br>- कार्ययोजना निर्माण (बालीपात्रो निर्माण)<br>- कार्ययोजना निर्माण (श्रोतपरिचालन) | ३,६५०<br>३,६५०<br>३,६५० |
| ४.कृषकमा सीप आर्जन | -स्थलगत तालिम (बाली संरक्षण) | ९,५०० |
| अनुगमन (सहभागितामूलक अन्तिम सर्वेक्षण समावेश गरिएको) | | २,९५० |
| **दोस्रो वर्ष : चौथो सिजनको बाली** | | |
| ३. कृषकले निर्णय लिने | - कार्ययोजना निर्माण (छनोट गरिएको बालीबारे पुनर्विचार)<br>- कार्ययोजना निर्माण (बालीपात्रो निर्माणमा पुनर्विचार) | ३,६५०<br>३,६५० |
| ४.कृषकमा सीप आर्जन | -स्थलगत तालिम (बाली संरक्षण) | ९,५०० |
| अनुगमन (सहभागितामूलक अन्तिम सर्वेक्षण समावेश गरिएको) | | २,९५० |
| दोस्रो बर्षका लागि आर्थिक सहयोग | - कार्ययोजनामा ५० प्रतिशत आर्थिक सहयोग | २,००,००० |
| जम्मा (रु/समूह) | | ६९०,९०० |

**तालिका ५: CAP पद्धतिको न्यूनतम प्याकेज**

| **चार चरणहरू** | **क्रियाकलापहरू** | **लागत (रु/समूह)** |
|---|---|---|
| पहिलो वर्ष : पहिलो सिजनको बालीका लागि (सबै क्रियाकलापहरू सञ्चालन गरिने) | | |
| १.कृषकले उद्देश्य बुझ्ने | -CAP पद्धतिबारे गोष्ठी | ५,९५० |
| २. कृषकको चेतनामा अभिवृद्धि | - कृषकले गर्ने बजार सर्वेक्षण | २०,८५० |
| ३. कृषकले निर्णय लिने | - कार्ययोजना निर्माण (बालीछनोट)<br>- कार्ययोजना निर्माण (बालीपात्रो निर्माण)<br>- कार्ययोजना निर्माण (श्रोतपरिचालन) | ३,६५०<br>३,६५०<br>३,६५० |
| ४.कृषकमा सीप आर्जन | -स्थलगत तालिम (नसर्री बनाउने र बेर्ना सार्ने)<br>-स्थलगत तालिम (बाली संरक्षण)<br>-स्थलगत तालिम (पोस्टहार्भेस्ट व्यवस्थापन र बजारीकरण) | ९,२५०<br>९,२५०<br>९,२५० |
| **पहिलो वर्ष : दोस्रो सिजनको बाली** | | |

| | | |
|---|---|---|
| ४.कृषकमा सीप आर्जन | -स्थलगत तालिम (नसरी बनाउने र बेर्ना सार्ने)<br>-स्थलगत तालिम (बाली संरक्षण) | ९,५००<br>९,५०० |
| अनुगमन (सहभागितामूलक अन्तिम सर्वेक्षण समावेश गरिएको) | | २,९५० |
| पहिलो बर्षका लागि आर्थिक सहयोग | - कार्ययोजनामा ५० प्रतिशत आर्थिक सहयोग | २,००,००० |
| **दोस्रो वर्ष : तेस्रो सिजनको बाली** | | |
| ३. कृषकले निर्णय लिने | - कार्ययोजना निर्माण (बालीछनोट)<br>- कार्ययोजना निर्माण (बालीपात्रो निर्माण)<br>- कार्ययोजना निर्माण (श्रोतपरिचालन) | ३,६५०<br>३,६५०<br>३,६५० |
| ४.कृषकमा सीप आर्जन | -स्थलगत तालिम (बाली संरक्षण) | ९,५०० |
| **दोस्रो वर्ष : चौथो सिजनको बाली** | | |
| ४.कृषकमा सीप आर्जन | -स्थलगत तालिम (बाली संरक्षण) | ९,५०० |
| अनुगमन | | २,९५० |
| जम्मा | | ३२१,१५० |

**मेलुङ क्याप (Melung CAP) मा CAP पद्धतिको परिमार्जन**

दोलखाको मेलुङ गाउंपालिकाको स्थानिय सरकारले CAP पद्धति लागू गरेर आफ्ना कृषि बिकास आयोजना सञ्चालन गरिरहेको छ र उक्त आयोजनाको नाम मेलुङ क्याप (Melung CAP) रहेको छ ।

मेलुङ क्याप (Melung CAP) ले CAP पद्धतिका कियाकलापकहरु माबन र आर्थिक श्रोतको बास्तविक उपलब्धताको आधारमा लागू गरेको छ । मेलुङ क्याप (Melung CAP) ले निंम्न तरिकाबाट CAP पद्धतिलाई परिमार्जन गरेको छ ।

- CAP पद्धतिको प्याकेजबाट आधारभुत सर्वेक्षण, अन्तिम सर्वेक्षण र अवलोकन भ्रमण संञ्चान गरिएका थिएनन ।
- खेतीको अभिलेख राख्नुको महत्व बारे अभिलेख पुस्तिका बितरण गर्ने बेला एकपटक मात्र राम्रोसगं ब्याख्या गरिएको थियो । अभिमुखिकरण तालिमका बेला यसको महत्व राम्रोसगं ब्याख्या गरिएको र SRC-CAP ले निर्माण गरेको अभिलेख पुस्तिका बितरण गरिएको भएपनि लक्षित लाभग्राही कृषक मध्य आधा मात्र कृषकहरुले आफ्नो खेतीको अभिलेख राखेका छन ।
- कृषक-ब्यापारी बिच अन्तरकिया गोष्ठि सञ्चालन गरिएको थिएन किनकी कृषकहरुलाई बजार सर्वेक्षणको बेला ब्यापारीहरुसगं कुरा गर्न प्रार्याप्त समय दिईएको थियो ।
- CAP पद्धति लागू भएको दास्रोबर्षमा लक्षित कृषक समुहमा प्राबिधिक(खेती बारे ज्ञान र सीप) सहयोग मात्र दिईएको थियो । आर्थिक सहयोग पहिलो बर्षमा मात्र दिईएको थियो ।

२. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका गतिविधिहरूलाई स्थानीय सरकारको योजना र वार्षिक बजेटमा समावेश गरी यसलाई साना किसानहरू माझ बजारमुखी तरकारी खेती प्रवर्द्धन गर्ने आफ्नो दृष्टिकोणका रूपमा अनुमोदन गर्ने ।

विभिन्न सम्भावित दृष्टिकोणहरूको फाइदा र बेफाइदा तथा अवसरमूलक लागतहरू (Opportunity costs) को तुलनात्मक विश्लेषण गरिसकेपछि व्यावसायिक कृषि प्रवर्द्धन पद्धति लागू गर्ने वा नगर्ने भनेर निर्णय गरिन्छ । व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई स्थानीय सरकारको नीति, रणनीति, योजना र बजेटमा समावेश गर्ने निर्णय राजनीतिक नेतृत्वले सभा वा समितिको बैठक मार्फत् गर्नु पर्दछ ।

व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका प्रत्येक गतिविधिहरूको अनुमानित लागत कृषिप्रसारकर्ताहरूको पुस्तिकामा जनाइएको छ तर अरू केही गतिविधिहरू जस्तै : बजार सर्वेक्षणको अभ्यास, शैक्षिक भ्रमण, कृषक-आपूर्तिकर्ता अन्तरक्रिया गोष्ठी, आदिका लागि थप लागत लाग्ने हुन सक्दछ । साथै, खेतीको प्रकृतिले गर्दा सुधारका लागि केही रकम जगेडा राख्नु पर्ने हुन सक्दछ ।

३. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको एउटा आधारका रूपमा आफ्नो कार्यक्षेत्र भित्रका किसानहरूका लागि पायक पर्ने बजारहरूको सूची तयार गर्ने ।

किसानहरूलाई पायक पर्ने कार्यक्षेत्र भित्रका बजार, क्रेता र आपूर्तिकर्ताहरूको सूची तयार गरिने छ र त्यसलाई अद्यावधिक गरिँदै लगिने छ ।

सूची तयार गर्नुको उद्देश्य स्थानीय सरकारले व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिबाट सम्बोधन गरिने बाली (तरकारी, अन्न बाली, फलफूल, मसला बाली आदि) छनौट गर्ने र लाभान्वित कृषकहरूलाई बजार, क्रेता र आपूर्तिकर्ताहरूका बारेमा जानकारी गराई आफ्नो बजार सर्वेक्षण गर्ने स्थल छनौट गर्न सहयोग गर्नु हो । साथै, सङ्कलित जानकारी स्थानीय सरकारको स्थानीय बजार व्यवस्थापनको जिम्मेवारी पूरा गर्नका लागि काम लाग्न सक्दछ ।

वडा समिति र आर्थिक विकास समितिको सहकार्यमा कृषिप्रसारकर्ताहरूले प्रत्येक बजार, क्रेता र आपूर्तिकर्ताहरूका बारेमा आवश्यक जानकारी सङ्कलन गर्न सक्दछन् । प्रत्येक बजारबाट कम्तीमा पनि मौसम अनुसार कारोबार हुने वस्तुका प्रकारहरू, प्रत्येक वस्तुको कारोबार परिमाण, पसल वा स्टलहरूको सङ्ख्या, प्रतिनिधिहरूको सम्पर्क ठेगाना, बजारको भौतिक ठेगाना सम्बन्धी जानकारी सङ्कलन गरिने छ ।

यो सूची एकैपटक मात्र नभई विस्तारै पनि बनाउन सकिने छ (जस्तै : वडागत रूपमा) । अझै, यसलाई आवश्यकता अनुसार अद्यावधिक पनि गर्नु पर्दछ ।

४. किसानहरूको वस्तुस्थितिका आधारमा (पारदर्शी रूपले) मापदण्ड तयार गरी लाभग्राही कृषक समूहहरूको छनौट गर्ने ।

किसानहरूको माग र चाहना, वस्तुस्थिति (मौसम, भूगोल र प्राकृतिक स्रोतको अवस्था), बजार पूर्वाधारहरूको अवस्था (विशेषगरी सडक सञ्जालको पहुँच), सिँचाइको उपलब्धता आदिलाई विशेष ध्यान दिएर स्थानीय सरकारले लक्षित कृषक समूह छनौटका आधारहरू तयार गर्नु पर्दछ ।

SRC-CAP को पाँच वर्षे अनुभवका आधारमा व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिसँग सफल परिणाम प्राप्त गर्न कृषक समूह छनौट गर्ने आधारहरू निम्नअनुसार हुन् सक्दछन् ।

**कोठा - २ : समूह छनौटका लागि प्रस्तावित आधारहरू**

१) ३ देखि ४ घण्टाको सडक यातायातसँगै वर्षैभरि बजारसँग समूहको पहुँच भएको र बर्षा तथा सुख्खा दुवै मौसममा समूहसम्म गाडी पुग्न सक्ने,
२) समूहका सदस्यहरूको पाखो बारीमा पनि सिँचाइको संभाव्य श्रोत भएको,
३) समूहको नियमित मासिक बैठक बस्ने गरेको तथा समूहमा राम्रो एकता भएको,
४) समूहको नेतृत्वको कृषिमा लामो अनुभव भएको र कुनै पनि समस्या र चुनौती सम्बोधनका लागि समूह व्यवस्थापनलाई सहयोग गर्न तयार रहेको,
५) कृषि नै समूहका सदस्यहरूको मूख्य पेशाको रूपमा रहेको र अन्यकुनै पनि आम्दानीको स्रोत नभएको ( तसर्थ सदस्यहरू तरकारी खेती र बजारीकरणमार्फत आफ्नो आम्दानी बढाउन इच्छुक रहने छन्),
६) सम्भव भएमा, समूहका सदस्यहरूसँग दुवै खेत र बारी रहेको होस् जसले बालीविविधीकरण र बाली कटानीको समय फरक गर्नमा सहयोग पुऱ्याउँदछ ।

५. प्रसारकर्ताहरूलाई छनौट भएका कृषक समूहहरू माझ व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गर्न अनुकूल वातावरण सिर्जना गर्ने ।

कृषिप्रसारकर्ताहरू मार्फत सीमित कृषक समूहहरूलाई पर्याप्त समय र बजेट छुट्याउन सक्षम हुनका लागि स्थानीय सरकारको नेतृत्वले व्यावसायिक कृषि प्रवर्द्धन पद्धति राम्ररी बुझेको हुनु महत्वपूर्ण छ ।

व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिमा प्रसारकर्ताले खास गरि पहिलो वर्षमा छनौट भएका कृषक समूहहरूलाई अत्यन्तै धेरै स्थलगत सहयोग गर्नुपर्ने भएकाले एकजना कृषिप्रसारकर्ताले एक समयमा पाँचवटा भन्दा बढी कृषक समूहहरूको जिम्मेवारी निर्वाह नगर्ने स्थिति हुन सक्दछ । कृषिप्रसारकर्ताले एउटै समूहमा पटक पटक भ्रमण गर्नु पर्ने हुन्छ । कहिले काहीँ किसानहरूले बालीका लागि उपयुक्त समयमा आवश्यक स्याहार र उपचार गर्नु पर्ने भएको हुँदा त्यस्ता भ्रमणहरू पहिलेदेखि नै निर्धारण गर्न सकिँदैनन् । त्यसैले कृषक समूहका प्रतिनिधि र कृषिप्रसारकर्ताका बीच नियमित सम्पर्क भइरहनु अत्यन्त आवश्यक छ। कृषिप्रसारकर्ताले निरन्तर मोबाइलफोन र विषयविशेषज्ञको सम्पर्कमा रहनु पर्दछ ।

केही गतिविधिहरूका लागि आवश्यक तयारी गर्न समय र लगानी लाग्न सक्दछ । बजार सर्वेक्षणको अभ्यास, शैक्षिक भ्रमण, कृषक-आपूर्तिकर्ता अन्तरक्रिया गोष्ठी, आदिका लागि कृषिप्रसारकर्ताले ती कार्यक्रमहरूको आयोजना स्थलको धेरैपटक भ्रमण गर्नु पर्ने र सहभागीहरूसँग कार्यक्रम आयोजनाको दिनभन्दा अगाडि नै समन्वय गर्नु पर्ने हुन सक्दछ।

**कोठा - ३ : फिल्ड सहजकर्ताहरू (Field Facilitators)**

SRC-CAP ले प्रत्येक लक्षित कृषक समूहका लागि एकजना स्थलगत सहजकर्ता (फिल्ड सहजकर्ता) खटाएको थियो । सञ्चार र यातायात भत्ता बाहेक फिल्ड सहजकर्ताहरूलाई आयोजना, कृषिप्रसारकर्ता र सम्बन्धित कृषक समूहहरूलाई सहयोग गरे वापत मासिक भुक्तानी दिइन्थ्यो । कृषिप्रसारकर्ताहरू सँगै सबै तालिमका अवसरहरूमा फिल्ड सहजकर्ताहरूलाई पनि बोलाइने गरेको हुँदा तिनीहरूले पनि बजारमुखी तरकारी खेती र बजारीकरण सम्बन्धी ज्ञान र सीप सिकेका थिए । कृषिप्रसारकर्ताहरूले गतिविधि योजना भएको दिनमा मात्र कृषक समूहहरूलाई भेट्न भ्याउने भएको हुँदा फिल्ड सहजकर्ताहरूलाई कृषक समूहहरूलाई दैनिक रूपमै स्थलगत सहयोग गर्नका लागि खटाइएको थियो । त्यसैले आयोजना कार्यान्वयनमा फिल्ड सहजकर्ताहरूको योगदान महत्वपूर्ण रहेको थियो ।

स्थानीय सरकारहरूले व्यावसायिक कृषि प्रवर्द्धन पद्धति प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि कृषिप्रसारकर्ताहरूको सहयोगीका रूपमा फिल्ड सहजकर्ताहरू खटाउने व्यवस्था गर्न सक्ने संभावनाका बारेमा विचार गर्न सिफारिस गरिन्छ । फिल्ड सहजकर्ताहरूले SRC-CAP मा पूरा गरेका भूमिकाहरू निम्नानुसार रहेका छन् ।

फिल्ड सहजकर्ताहरूले पूरा गरेका भूमिकाहरू

<u>सञ्चालन</u> :

आयोजना गतिविधिहरूको तयारी र कार्यान्वयनमा सहयोग गर्ने ।

कृषक समूहको जिम्मेवारी लिएका विषय विशेषज्ञ/प्रा.स./ना.प्रा.स. हरूलाई समूहका सदस्यहरूसँग मिलेर व्यावसायिक कृषि पद्धतिका गतिविधिहरूको तयारी र कार्यान्वयन गर्न सहयोग गर्ने ।

कृषक समूहहरूलाई खेती र बजारीकरणमा सहयोग गर्ने ।

कृषक समूहका बढी जसो सदस्यहरू बस्ने ठाउँतिर तालिम फार्म स्थापना गर्न सहजीकरण गर्ने ।

तालिम र सिकाइका अवसरहरूमा भाग लिने र सिकेका ज्ञान र सीपहरूलाई कृषक समूहहरू माफ प्रसार गर्ने ।

कृषक समूहका सदस्यहरूलाई खेती र बजारीकरण गतिविधिहरूको अभिलेख राख्न एवम् प्रश्नावली र फाराम भर्न सहयोग गर्ने ।

लैङ्गिक समानता र सामाजिक समावेशीकरण सहितको व्यावसायिक कृषिका बारेमा कृषक समूहमा चेतना फैलाउने काममा योगदान गर्ने ।

कृषक समूहहरूलाई सरोकारवालाहरूसँग सञ्चार र समन्वय गर्नका लागि सहयोग गर्ने ।

कृषक समूह र वडा समिति, स्थानीय सरकार तथा कृषक समूहको जिम्मेवारी लिएका विषयविशेषज्ञ/प्रा.स./ना.प्रा.स. बीच सान्दर्भिक जानकारी र पृष्ठपोषण आदान-प्रदान गर्ने गराउने ।

कृषक समूहसँग सम्बन्धित प्रतिवेदन बुझाउने ।

कृषक समूहका सदस्य, पायक पर्ने बजार, आपूर्तिकर्ता आदिबाट तथ्याङ्क सङ्कलन गर्ने वा यस्तो तथ्याङ्क सङ्कलनमा सहजीकरण गर्ने ।

मासिक प्राविधिक एवम् व्यवस्थापन प्रतिवेदन तयार गर्ने र कृषक समूहको जिम्मेवारी लिएका विषयविशेषज्ञ/प्रा.स./ना.प्रा.स.मार्फत वडा समिति र स्थानीय सरकार समक्ष प्रतिवेदन पेश गर्ने ।

व्यावसायिक कृषि पद्धति परियोजनाको फेसबुक पृष्ठमा तस्वीर सहितका प्रतिवेदन भएमा पोस्ट गर्ने ।

<u>व्यवस्थापन</u> :

स्थानीय सरकारले उपलब्ध गराएको बजेटबाट तालिमका लागि फाराम भर्न र अन्य व्यावसायिक कृषि पद्धतिसँग सम्बन्धित गतिविधिहरू गर्नका लागि आवश्यक सामग्रीहरूको खरिद गर्न कृषक समूहलाई सहयोग गर्ने ।

आयोजनाबाट आर्थिक सहयोगका साथै कृषक समूहलाई तालिमका लागि फाराम र अन्य व्यावसायिक कृषि पद्धतिसँग सम्बन्धित गतिविधिहरू गर्नका लागि आवश्यक सामग्रीहरूको बील र दर भाउपत्र प्राप्त गर्न सहजीकरण गर्ने

<u>अन्य</u> :

कृषक समूह, कृषक समूहको जिम्मेवारी लिएका विषयविशेषज्ञ/प्रा.स./ना.प्रा.स. र स्थानीय सरकारले व्यावसायिक कृषि पद्धतिसँग सम्बन्धित गतिविधिकालागि अनुरोध गरेका अन्य सेवाहरू प्रदान गर्ने ।

CAP पद्धतिको सहज कार्यान्वयनका लागि, SRC-CAP ले सबै लाभान्वित कृषक समुहलाई प्रत्येक बर्ष रु २,००,००० को आर्थिक सहयोग प्रदान गरेको थियो जसबाट बजारमुखि तरकारी उत्पादनका लागि कृषक समुहले आवश्यक सामाग्री र उपकरण खरिद गरेका थिए ।

कार्ययोजना निर्माणका बेला, लाभान्वित कृषक समुहका सदस्यलाई कृषि प्रसार कर्मचारीले उनीहरुको बार्षिक कार्ययोजना पुरा गर्न आवश्यक सामाग्री र उपकरण पहिचान गर्न सहजिकरण गरेका थिए । आवश्यक सामाग्री र उपकरण पहिचानपछि, कृषि प्रसार कर्मचारीले कृषक समुहका सदस्यलाई श्रोत परिचालन गरि उक्त सामाग्री र उपकरणहरु प्राप्त गर्न सहजिकरण गर्छन । सोहि समयमा, SRC-CAP को आर्थिक सहयोग एउटा सम्भाबित बाह्य श्रोतको रुपमा प्रस्तुत गरिएको थियो ।

आर्थिक सहयोग कृषकहरुको अनुरोध अनुसार प्रदान गरिन्छ । कृषक समुहको कार्ययोजना लागू गर्नका निम्ति सामाग्री र उपकरणको जम्मा लागतको ५० प्रतिशत SRC-CAP बाट उपलब्ध गराइएको थियो र बाकि लागत कृषकहरुले नगद वा श्रमदानको रुपमा ब्यहोरेका थिए । सबै लाभान्बित कृषकहरुले SRC-CAP लाई ५० % लागत बाडंफांड नियममा आधारित भएर आर्थिक सहयोगका लागि अनुरोध गरेका थिए । SRC-CAP को आर्थिक सहयोगका बिष्तृत प्रावधान र प्रक्रियाहरु निम्त दिईएको अनुसुचि १ मा ब्याख्या गरिएको छ ।

कार्यान्वयन निकायहरुले लाभान्बित कृषक समुहको बजारमुखि कृषिको आधार तयार गर्न सहयोग हुने खालका सामाग्रीमा आर्थिक सहयोग पुग्ने भन्ने कुरामा बिचार गर्न सक्छन । यद्यपि यस्तो मामलामा कार्यान्वयन निकायहरुलाई SRC-CAP ले जस्तै आर्थिक सहयोगका सर्त र नियमहरु तयार पार्न सल्लाह दिईन्छ । उदाहरणका लागि, अनुरोधमा आधारित प्रावधान, आवेदक कृषक समुहको कार्ययोजनामा आधारित र लागत बाडंफाडंको नियम हेरेर यस्ता सर्तहरु तयार गर्न सकिन्छ ।

SRC-CAP को अनुभब अनुसार, कृषकहरुले ५०% लागत बाडंफांड नियममा आधारित भएर प्राप्त गर्न सक्ने सम्भाबित सामाग्री र उपकरणहरु निम्न रहेका छन ।

**५० प्रतिशत लागत बाँडफाँडको नियममा आधारित बाह्य आर्थिक सहयोगको सम्भावित प्रयोग**

औषत कृषक समुह सदस्य संख्याः २५ आधार दररेटः आ.ब.२०७६/०७७

| बाह्य आर्थिक सहयोगको सिमा (कुल लागतको ५० प्रतिशत) | सहयोगको सम्भावित बिकल्पहरु | | | |
|---|---|---|---|---|
| | कृषक समुहले ५० प्रतिशत लागत नगदमा ब्यहोर्ने नियमको आधारमा | | कृषक समुहले ५० प्रतिशत लागत श्रमदानमा ब्यहोर्ने नियमको आधारमा | |
| रु. २५,००० | १ | बिउ | १ | साना पाईप सिचाई (२० र २५ mm गोलाई १० $kg/cm^2$ HDPE पाईप वा ३२ mm गोलाई ६ $kg/cm^2$ HDPE पाईप द्वारा ३०० मी. लम्बाई सम्म) |
| | | बिषादी | | |
| | | शुक्ष्म खाद्यतत्व | | |
| | २ | सेल ट्रे | | |
| | | कोकोपिट | | |
| | | पोलिब्याग | | |
| | | नर्सरी प्लाष्टिक | | |
| | ३ | पहेलो स्टिकि ट्र्याप कम्तिमा १०० वटा | | |
| | | फेरोमेन ट्र्याप सेट | | |

| | | | | |
|---|---|---|---|---|
| | ४ | क्रेट | | |
| | | हजारी ५-१० लि. क्षमताको | | |
| | ५ | काँटछाँट/गोडमेल/खन्ने औजार | | |
| रु. ५०,००० | १ | स्प्रेयर १६ लि. क्षमताको | १ | साना पाईप सिचाई (२० mm र २५ mm गोलाई १० kg/cm$^2$ HDPE पाईप वा ३२ mm गोलाई ६ kg/cm$^2$ HDPE पाईप द्वारा ६०० मी. लम्बाई सम्म) |
| | | गार्डेन/नर्सरी पाईप सँगै फोहरा सिचाई | | |
| | २ | थोपा सिचाइ | | |
| | ३ | साधारण तराजु | | |
| | | डिजिटल तराजु ४-५ सदस्यहरु बिचमा | | |
| | ४ | मल्चिङ प्लाष्टिक ४०० मी. रोल | २ | साना पाईप सिचाई (४० mm वा ५० mm गोलाई ६ kg/cm$^2$ HDPE पाईप द्वारा ३५०-४०० मी. लम्बाई सम्म) |
| | ५ | प्राङ्गारिक मल | | |
| | | रासायनिक मल (डिएपी, युरिया, पोटास) | | |
| | ६ | १-२ एच.पी. क्षमताको पानी तान्ने पम्प ३-४ सदस्यहरु बिचमा | | |
| रु. १००,००० | १ | ईलेक्ट्रिक स्प्रेयर १६ लि. क्षमताको | १ | टनेलको लागी ५ मी.x१२ मी., ७० GSM को सिपौलिन प्लाष्टिक |
| | २ | कम्तिमा ७.५ एच.पी. क्षमताको २-३ वटा मिनि टिलर | २ | ३ मी. Overflow पाईप सहित पोखरीको लागी ४ मी.x५ मी., २०० GSM को सिपौलिन प्लाष्टिक |
| | | १८ एच.पी. क्षमताको पावर टिलर | ३ | साना Lift वा पाईप सिचाई (६३ mm वा ७५ mm गोलाई ६ kg/cm$^2$ HDPE पाईप द्वारा २५०-३०० मी. लम्बाई सम्म) |
| | ३ | गार्डेन/नर्सरी पाईप र धारा जडित ५०० लि. क्षमताको पानी टैंकि | | |
| रु. १५०,००० | १ | गार्डेन/नर्सरी पाईप र धारा जडित १००० लि. क्षमताको पानी टैंकि | १ | टनेलको लागी ६ मी.x१२ मी., ९० GSM को सिपौलिन प्लाष्टिक |
| | २ | ग्रिन नेट/Insect नेट/ टनेलको लागी UV प्लाष्टिक | २ | ३ मी. Overflow पाईप सहित पोखरीको लागी ६ मी.x१० मी., २०० GSM को सिपौलिन प्लाष्टिक |
| | ३ | ७.५ एच.पी. क्षमताको ९० mm गोलाई निकास भएको पानी तान्ने पम्प | ३ | साना पाईप सिचाई (९० mm गोलाई ६ kg/cm$^2$ HDPE पाईप द्वारा २७५-३०० मी. लम्बाई सम्म) |
| रु. २००,००० | १ | टनेलको स्थायी संरचना ( १.५ इन्च र २ इन्च गोलाईको पाईप प्रयोग गरी) | १ | साना संकलन केन्द्र /बिक्रि बितरण केन्द्र निर्माण |
| | | | २ | साना पाईप सिचाई (११० mm गोलाई ६ kg/cm$^2$ HDPE पाईपद्वारा २५०-२७५ मी. लम्बाई सम्म) |

६.लक्षित कृषक समूहले आफ्नै वार्षिक कार्ययोजना कार्यान्वयन गर्न आर्थिक सहयोगको खोजी गर्न सक्दछन् र स्थानीय सरकारले ती समूहहरूले आफैँ सहयोग खोज्न सकून् भनेर कृषिप्रसारकर्ताहरू मार्फत स्रोत परिचालन सम्बन्धी जानकारी उपलब्ध गराउन सक्दछन् । त्यसैले यसका लागि प्रदेश सरकार तथा अन्य सम्बन्धित संस्थाहरूको सहकार्यमा कृषिप्रसारकर्ताहरूलाई आवश्यक प्राविधिक सहयोगको व्यवस्था गर्ने ।

विशेष गरी कृषिप्रसारकर्ताहरूसँग व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन र व्यवस्थापन गर्ने कुनै अनुभव नभएको अवस्था माथि कृषिप्रसारकर्ता र कृषक समूहहरूलाई प्राविधिक सहयोग गर्नु राम्रो हुनेछ। उक्त सहयोग कम्तीमापनि कृषिप्रसारकर्ताहरूले व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको खेती र बजारीकरण प्रविधिको अवधारणा तथा प्रक्रिया बारे आत्मविश्वास प्राप्त नगरुञ्जेल सम्म दिनु पर्दछ ।



कृषिप्रसारकर्ताहरू आफैँ यस पद्धतिको कार्यान्वयन गर्न सक्षम भइसकेको अवस्थामा पनि खेती र बजारीकरण विषयकाविशेषज्ञ सल्लाहकार राख्नु महत्वपूर्ण हुन्छ जसले गर्दा ज्ञान र सीपहरू अद्यावधिक गर्न र आपत्कालीन समस्याहरू हल गर्न सकिन्छ ।

७. आफ्नो कार्यक्षेत्र भित्र व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन स्थलको अनुगमन गर्ने र आफ्नो सभा, कृषिप्रसारकर्ता, कृषक समूह, अन्य सरकार र संस्थाहरूलाई पृष्ठपोषण दिने ।

स्थानीय सरकारका लागि जनशक्ति र आर्थिक स्रोतहरूको लगानीबाट अपेक्षित परिणाम प्राप्त भयो कि भएन र कुनै परिवर्तन गरेमा लाभग्राही किसानहरूका लागि सकारात्मक परिणाम ल्याउन सकिन्छ कि सकिँदैन भनेर जान्नु महत्वपूर्ण हुन्छ ।

अनुगमन क्रियाकलापहरूमा प्रयोग हुने सूचकहरू कृषिप्रसारकर्ताहरूले वार्षिक कार्ययोजनामा प्रस्ताव गर्ने र स्थानीय सरकारको सभाले स्वीकृत गर्ने कामगर्नुपर्दछ । त्यस्ता सूचकहरू तयार गर्दा सम्पूर्ण लाभान्वित कृषकहरू मध्ये कतिजनाले तरकारी खेतीबाट आफ्नो आम्दानी बढाउने अपेक्षा गरिएको छ, कतिजना कृषकहरूले आफैँ नियमित रूपमा बजार सर्वेक्षण गर्ने अपेक्षा गरिएको छ, कतिजना कृषकहरूले कृषिप्रसारकर्ताहरूबाट सिकेको खेती सम्बन्धी सीप प्रयोग गर्ने अपेक्षा गरिएको छ जस्ता कुराहरू समावेश गर्नुपर्दछ ।

अनुगमन नियमित रूपमा गर्नु पर्दछ। त्यस्तो अनुगमन छ महिनामा एकपटक गर्दा सबै भन्दा उत्तम हुन्छ र नभए वर्षमा कम्तीमा पनि एक पटक गरिनु पर्दछ । अनुगमन प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र कृषि विकास समितिका प्रमुख संलग्न रहेको टोलीले यस्तो अनुगम नगर्नु पर्दछ । सो काम अधिकारीहरू, स्थानीय सरकारका अन्य कृषिप्रसारकर्ताहरू वा स्थानीय सरकारले अनुगमनका लागि जिम्मा दिएको संस्थाका सदस्यहरूले पनि गर्न सक्दछन् । अनुगमन गतिविधिहरूलाई पनि स्थानीय सरकारको वार्षिक योजना तथा बजेटमा समावेश गर्नु पर्दछ ।



अनुगमनबाट प्राप्त परिणामहरूद्वारा यस पद्धतिलाई अझ परिष्कृत गर्नका लागि स्थानीय सरकार र लक्षित कृषक समूहहरू माझ पनि अवगत गराउनु पर्दछ। व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयनमा कुनै सरकारी वा निजी संस्था पनि स्थानीय सरकारसँग सहकार्यमा रहेको भए उनीहरूलाई पनि परिणामहरूका बारेमा आवश्यक जानकारी गराउनु पर्दछ।

## PART 6. प्रदेश सरकारहरूले खेल्नुपर्ने भूमिका (ROLES TO BE PLAYED BY PROVINCIAL GOVERNMENTS)

### 6.1 भूमिकाहरूको सिंहावलोकन (Overview of the roles)

प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (भू.व्य.कृ.स.म.) र कृषि विकास निर्देशनालयहरूले निम्न सातवटा भूमिका खेल्ने अपेक्षा गरिएको छ।MOLMAC र निर्देशनालयको मुख्य भूमिका आफ्ना कृषि ज्ञान केन्द्रहरू र अन्य फार्म, केन्द्रहरू तथा प्रयोगशालाहरूलाई प्रसारकर्ता र स्थानीय तहका लाभग्राही कृषक समूहहरूलाई व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयनका लागि प्रभावकारी रूपमा प्राविधिक सहयोग गर्न सहज वातावरण बनाउनु हो।

१. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई बुझेर यसको कार्यान्वयनका फाइदा र बेफाइदाबारे विश्लेषण गर्ने।

२. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका गतिविधिहरूलाई MOLMAC को योजना र वार्षिक बजेटमा समावेश गरी यसलाई साना किसानहरू माझ बजारमुखी तरकारी खेती प्रवर्द्धन गर्ने आफ्नो पद्धतिका रूपमा अनुमोदन गर्ने।

३. आफ्नो प्रदेशका स्थानीय सरकारहरू समक्ष व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका बारेमा प्रसार गर्ने।

४. अनुरोध भई आएमा स्थानीय सरकारका अधिकारीहरूलाई व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिसम्बन्धी तालिम प्रदान गर्ने।

५.कृषि विकास निर्देशनालय, स्थानीय सरकार तथा अन्य सान्दर्भिक संस्थाहरूको सहकार्यमा कृषि ज्ञान केन्द्र, फार्म, अन्य केन्द्रहरू र प्रयोगशालाका प्रसारकर्ताहरूका लागि प्राविधिक सहयोगको व्यवस्था गर्ने।

६.आफ्नो कार्यक्षेत्र भित्र र बाहिरका व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गरिने ठाउँको अनुगमन गर्ने र आफ्नो सभा र सम्बन्धित स्थानीय सरकारहरूलाई पृष्ठपोषण दिने।

### 6.2 भूमिकाहरूको विस्तृत विवरण (Distribution of roles)

१. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई बुझेर यसको कार्यान्वयनका फाइदा र बेफाइदा बारे विश्लेषण गर्ने।

MOLMAC, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्रहरू र अन्य फार्म, केन्द्रहरू तथा प्रयोगशालाहरूले व्यावसायिक कृषि प्रवर्द्धन पद्धति सम्बन्धी सञ्चालन निर्देशिकाहरू पढेर, सम्बन्धित गोष्ठी तथा सङ्घीय सरकारले आयोजना गरेका तालिमहरूबाट जानकारी प्राप्त गरेर वा लाभग्राही स्थानीय सरकार र कृषक समूहहरूको अन्तर्वार्ता मार्फत बुझ्न सक्दछन्। यस पद्धतिका बारेमा राम्ररी बुझिसकेपछि MOLMAC र कृषि विकास निर्देशनालयले यसका फाइदा र बेफाइदाहरूका बारेमा विश्लेषण गर्नेछन् र प्रदेशका स्थानीय सरकारहरू माझ यसको कार्यान्वयनलाई प्रवर्द्धन गर्नेछन्।

साथै, MOLMAC र निर्देशनालयले आफ्नो क्षेत्रमा व्यावसायिक कृषि प्रवर्द्धन पद्धति मार्फत बजारमुखी तरकारी खेती प्रवर्द्धन गर्न इच्छुक नगरपालिका वा गाउँपालिकाको पहिचान गर्न एउटा सामान्य सर्वेक्षण गर्नेछन्। MOLMAC र

कृषि विकास निर्देशनालयले स्थानीय सरकारहरूलाई व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गर्न सिफारिस गर्न सक्दछन् तर स्थानीय सरकारको स्वायत्ततालाई सधैँ सम्मान गरिनु पर्दछ।

यस पद्धतिको प्रवर्द्धन गर्न MOLMAC र निर्देशनालयले कृषि ज्ञान केन्द्रहरू लगायत आफ्ना फार्म, केन्द्र र प्रयोगशालाहरूबाट स्थानीय तहको अनुरोधमा त्यहाँका प्रसारकर्ताहरूलाई प्राविधिक र आर्थिक सहयोग गर्नका लागि सहज वातावरण बनाउनु महत्वपूर्ण हुन्छ ।



विशेषगरी व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिबारे अनुभव नभएका स्थानीय तहका प्रसारकर्ताहरूलाई उनीहरूले आफ्ना कृषक समूहहरूमाझ यस पद्धतिको व्यवस्थापन गर्न राम्ररी नसकेसम्म सघन प्राविधिक र आर्थिक सहयोग आवश्यक पर्दछ । SRC-CAP को अनुभवअनुसार प्रदेशका फार्म, केन्द्र र प्रयोगशालाहरूले गर्नु पर्ने त्यस्तो सघन सहयोगको उत्तम अवधि कम्तीमा पनि दुई वर्ष हो ।

२. व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका गतिविधिहरूलाई MOLMAC को योजना र वार्षिक बजेटमा समावेश गरी यसलाई साना किसानहरू माझ बजारमुखी तरकारी खेती प्रवर्द्धन गर्ने आफ्नो पद्धतिका रूपमा अनुमोदन गर्ने ।

विभिन्न सम्भाव्य पद्धतिहरू (Different possible approaches) को फाइदा र बेफाइदा तथा अवसर-लागतहरू (Opportunity costs) को तुलनात्मक विश्लेषण गरिसकेपछि MOLMAC ले प्रदेशमा व्यावसायिक कृषि प्रवर्द्धन पद्धति लागू गर्न प्राविधिक र आर्थिक सहयोग गर्नेछ । व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई प्रदेश सरकारको नीति, रणनीति, योजना र बजेटमा समावेश गर्ने निर्णय राजनीतिक नेतृत्वले सभा वा समितिको बैठकबाट गर्नु पर्दछ ।



यसका लागि MOLMAC को कृषि विकास निर्देशनालयले आफ्ना फार्म, केन्द्र र प्रयोगशालाहरू मध्ये कुन निकायले प्रसारकर्ताहरूलाई आवश्यक प्राविधिक र आर्थिक सहयोग गर्ने भनेर निर्णय गर्नेछन् र आधिकारिक रूपमा जिम्मेवारी प्रदान गर्नेछन् । एउटै निकायले सबै ज्ञान र सीप प्रदान गर्न नसक्ने हुँदा प्राविधिक सहयोग गर्ने जिम्मेवारी विभिन्न फार्म, केन्द्र र प्रयोगशालाहरू बीच बाँड्न सकिन्छ । व्यावसायिक कृषि प्रवर्द्धन पद्धति सिकाउनका लागि कृषि विकास निर्देशनालयको समन्वयमा विभिन्न संस्थाहरूबाट प्रशिक्षकको व्यवस्थापन गर्न सकिन्छ ।

MOLMAC ले प्रदेशमा व्यावसायिक कृषि प्रवर्द्धन पद्धति लागू गर्ने निर्णय गरेपछि उक्त निर्णय वार्षिक योजना र बजेटमा समावेश हुनु पर्दछ । व्यावसायिक कृषि प्रवर्द्धन पद्धति अन्तर्गतका गतिविधिहरूको वार्षिक योजना र बजेट स्थानीय तहहरूले यो पद्धति लागू गर्नका लागि माग गरेको प्राविधिक र आर्थिक सहयोगको आधारमा तयार गरिनु पर्दछ ।

३. आफ्नो प्रदेशका स्थानीय सरकारहरू समक्ष व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको बारेमा प्रसार गर्ने ।

वार्षिक कार्ययोजना अनुसार MOLMAC को कृषि विकास निर्देशनालयले सञ्चालन निर्देशिकाहरू वितरण कार्य, गोष्ठी र कार्यशाला एवम् यो पद्धति लागू भएका क्षेत्रहरूको अवलोकन भ्रमण आदि आयोजना गरेर स्थानीय सरकारहरू समक्ष व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका बारेमा प्रसार गर्नेछन् ।

४.अनुरोध भई आएमा स्थानीय सरकारका अधिकारीहरूलाई व्यावसायिक कृषि प्रवर्द्धन पद्धति सम्बन्धी तालिम प्रदान गर्ने ।

स्थानीय सरकारबाट अनुरोध भएमा MOLMAC को कृषि विकास निर्देशनालय, मातहतका फार्म, केन्द्र र प्रयोगशालाहरूका अधिकारीहरूले स्थानीय तहका कृषिप्रसारकर्ताहरूलाई व्यावसायिक कृषि प्रवर्द्धन पद्धति (यसको अवधारणा, प्रक्रिया, खेती र बजारीकरण प्रविधि) का बारेमा समन्वयात्मक रूपमा तालिम प्रदान गर्नेछन् । त्यस्तो समन्वय स्थानीय सरकारहरूले माग गरेको विषयको गुणस्तर र परिमाणको स्तरसम्म पुग्ने कुराको सुनिश्चितता गर्न र दोहोरोपना हटाउन धेरै महत्वपूर्ण हुन्छ । MOLMAC वा निर्देशनालयले उक्त कार्यका लागि संयोजक तोक्नु प्रभावकारी हुन सक्दछ ।

तालिममा दुई भाग हुनु पर्दछ - सैद्धान्तिक र व्यावहारिक । सैद्धान्तिक भागको तालिम कुनै उपयुक्त हलमा श्रव्य-दृश्य सामग्रीहरूको सहयोगमा दिइने छ । व्यावहारिक भागको तालिम स्थलगत रूपमा सहभागी कृषिप्रसारकर्ताहरूलाई प्रयोगात्मक अभ्यास गराएर दिइने छ । तालिम स्थल प्रदेशको फार्म वा केन्द्रहरू मध्येबाट प्रत्येक तालिमको उद्देश्य अनुसार छनौट गर्न सकिने छ ।

५.कृषि विकास निर्देशनालय, स्थानीय सरकार तथा अन्य सम्बन्धित संस्थाहरूको सहकार्यमा कृषि ज्ञान केन्द्र, फार्म, अन्य केन्द्रहरू र प्रयोगशालाका कृषिप्रसारकर्ताहरूका लागि प्राविधिक सहयोगको व्यवस्था गर्ने ।

स्थानीय सरकारका कृषिप्रसारकर्ताहरूलाई तालिम दिनका लागि फार्म, केन्द्र र प्रयोगशालाका अधिकारीहरू आफैं पनि नयाँ प्रविधि र सिद्धान्तहरूबारे अद्यावधिक हुनु पर्दछ । कृषि विभाग र यस मातहतका संस्थाले आफूले गरेका खोज र अन्य जानकारीहरूबारे अवगत गराउन सक्दछन् । यसले व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिबारे नयाँ कुराहरू जान्न अधिकारीहरूलाई मद्दत गर्न सक्दछ । अर्कोतिर MOLMAC र निर्देशनालयले स्थलगत आवश्यकता र चुनौतीका बारेमा जानकारी गराएमा राष्ट्रिय निकायहरूले समाधानका लागि अनुसन्धान गर्न सक्दछन् ।

थप रूपमा, MOLMAC सँग सहकार्य गर्न दातृ निकाय, गैरसरकारी संस्था वा कृषक समूह वा सङ्घ जस्ता निजी संस्थाहरू इच्छुक भएमा MOLMACले कार्यान्वयनबाट प्राप्त प्रगतिका बारेमा अवगत गराउँदा यसको प्रसार र कार्यान्वयनमा तिनीहरूले पनि सहभागिता जनाउन सक्दछन् ।

६.आफ्नो कार्यक्षेत्र भित्र व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गरिएका ठाउँको अनुगमन गर्ने र आफ्नो सभा एवम् सम्बन्धित स्थानीय सरकारहरूलाई पृष्ठपोषण दिने ।

व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयनको प्रगति र चुनौतीहरूका बारेमा लाभान्वित कृषक समूह र प्रसारकर्ताहरूबाट अवस्था बुझ्न प्रदेश सरकारका प्रतिनिधिमूलक अधिकारीहरूले सम्बन्धित स्थानीय सरकारको सहकार्यमा आवधिक अनुगमन गर्न सक्दछन् । अनुगमनबाट प्राप्त परिणामहरू, यस पद्धतिलाई अझ परिष्कृत गर्नका लागि र पहिचान गरिएका समस्याहरू सम्बोधन गर्नका लागि स्थानीय र प्रदेश सरकार समक्ष अवगत गराउन पर्दछ ।

सिकाइ-प्रयोजनका लागि अन्य प्रदेशका लाभान्वित कृषक समूहहरूको पनि (अध्ययन भ्रमणका रूपमा) अनुगमन गर्न सकिन्छ ।

## PART 7. सङ्घीय सरकारले खेल्नुपर्ने भूमिका (ROLES TO BE PLAYED BY THE FEDERAL GOVERNMENT)

### 7.1 भूमिकाहरूको सिंहावलोकन (Overview of the roles)

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि विभागले व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको कार्यान्वयनमा निम्न पाँचवटा भूमिका खेल्ने अपेक्षा गरिएको छ ।सङ्घीय सरकारको मूख्य भूमिका देशका सातै प्रदेशमा व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको प्रसार गर्नु र प्रदेश सरकारबाट अनुरोध भएमा MOLMAC लाई प्राविधिक सहयोग गर्नु हो ।

१.व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका बारेमा बुझेर यसको कार्यान्वयनका फाइदा र बेफाइदाबारे विश्लेषण गर्ने ।



२.साना कृषकहरुको बजारमुखि तरकारी खेतीलाई प्रवर्द्धन गर्न व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालयको दायरा भित्र (योजना र बजेटमा) समावेश गरी यसको पद्धतिको रुपमा रूपमा अनुमोदन गर्ने ।

३. सातै प्रदेशका सरकारहरू समक्ष व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको प्रसार गर्ने ।

४.व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गरिएका ठाउँको अनुगमन गर्ने र MOLMAC स्थानीय सरकार एवम् सम्बन्धित संस्थाहरूलाई पृष्ठपोषण दिने ।

### 7.2 भूमिकाहरूको विस्तृत विवरण (Details of the roles)

१.व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका बारेमा बुझेर यसको कार्यान्वयनका फाइदा र बेफाइदाबारे विश्लेषण गर्ने ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि विभागले व्यावसायिक कृषि प्रवर्द्धन पद्धति सम्बन्धी सञ्चालन निर्देशिका पढेर वा यो पद्धति कार्यान्वयन गरिरहेका अधिकारीहरूसँगको अन्तरवार्ताबाट यसबारे बुझ्न सक्दछन् । यस पद्धतिबाट लाभान्वित कृषक समूहहरूसँगको अध्ययन-भ्रमण मार्फत पनि यस आयोजनाको परिणामबारे जानकारी लिन सकिन्छ।

२.व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिका गतिविधिहरूलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय/कृषि बिभाग को दायरा भित्र (योजना र वार्षिक बजेट सहित) समावेश गरी यसलाई साना किसानहरू माझ बजारमुखी तरकारी खेती प्रवर्द्धन गर्ने आफ्नो दृष्टिकोणका रूपमा अनुमोदन गर्ने ।

कृषि बिभाग र यस अन्तरगतका सम्बन्धित अन्य संस्थाले सबै प्रदेश र स्थानीय सरकारहरूलाई व्यावसायिक कृषि प्रवर्द्धन पद्धति सम्बन्धी प्रविधिहरू प्रदान गरेर सहयोग गर्न सक्दछ र देशभरि यो पद्धति प्रसार गर्न सहयोग गर्न सक्छन् ।

३) सातै प्रदेशका सरकारहरू समक्ष व्यावसायिक कृषि प्रवर्द्धन पद्धति प्रसार गर्ने ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि विभागले यस पद्धति सम्बन्धी सञ्चालन निर्देशिकाहरूको वितरण कार्य, गोष्ठी र कार्यशाला एवम् यो पद्धति लागू भएका क्षेत्रहरूको अवलोकन भ्रमण आदि आयोजना गरेर देशका सबै प्रदेश र स्थानीय सरकारहरू समक्ष व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको प्रसार गर्नेछन् ।

४) व्यावसायिक कृषि प्रवर्द्धन पद्धति कार्यान्वयन गरिएका ठाउँको अनुगमन गर्ने एवम् MOLMAC स्थानीय सरकार र संस्थाहरूलाई पृष्ठपोषण दिने ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि विभागले सम्बन्धित प्रदेश र स्थानीय सरकारहरूसँग मिलेर आयोजना स्थलको अनुगमन भ्रमण आयोजना गर्न सक्दछन् । त्यस्तो अनुगमनको उद्देश्य प्रगति विवरण हेर्नु मात्र नभई लाभग्राही कृषक समूह र जिम्मेवार कृषिप्रसारकर्ताहरूले सामना गर्नु परेका चुनौतीहरू पनि पहिचान गर्नु हो । अनुगमन भ्रमणको परिणामका रूपमा अनुगमनबाट पहिचान गरिएका समस्याहरू सम्बोधन हुनेगरी यस पद्धतिलाई अझै परिष्कृत गर्नका लागि सम्बन्धित संस्थाहरू माझ अवगत गराउनु पर्दछ ।

## PART 8. सरकारहरूबाट हुनुपर्ने अन्य आवश्यक सहयोगहरू (OTHER CRITICAL SUPPORT FROM THE GOVERNMENTS)

नेपालको संविधान, २०७२ ले तीन तहका सरकारहरू बीच बाँडफाँट गरेका जिम्मेवारीहरू अनुसार ती सरकारहरूले व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिसँग सामञ्जस्यपूर्ण रूपमा अन्य सहयोगहरू पनि प्रदान गर्न सक्दछन् । ती सहयोगहरू तलको तालिकामा उल्लेख गरिएका छन् ।

लाभग्राही कृषक समूहहरूले लक्षित गरेका बजारहरूलाई नै लक्षित गरी स्थानीय, प्रदेश र सङ्घीय सरकारहरूले सेवा प्रदान गरेमा कृषक समूहका बढि भन्दा बढी सदस्यहरूले दिगो र सकारात्मक परिणाम प्राप्त गर्न सक्दछन् ।

**तालिका ८ : अनुकूल वातावरण बनाउनका लागि सरकारहरूले गर्नुपर्ने अन्य सहयोगहरू**

| | स्थानीय सरकार | प्रदेश सरकार | सङ्घीय सरकार |
|---|---|---|---|
| खेल्नु पर्ने अतिरिक्त भूमिकाहरू | स्थानीय बजारहरूको निर्माण र पुनर्उत्थान तथा व्यवस्थापन गर्ने ।<br>कृषि सडक आयोजना कार्यान्वयन गर्ने ।<br>सिँचाइ आयोजना कार्यान्वयन गर्ने ।<br>जग्गाको स्वामित्व सम्बन्धी प्रमाणपत्र जारी गरी वितरण गर्ने । | साना किसानहरूलाई अनुकूल हुने भूमि नीति निर्माण गर्ने ।<br>सिँचाइ आयोजना कार्यान्वयन गर्ने । | साना किसानहरूलाई अनुकूल हुने भूमि नीति निर्माण गर्ने ।<br>सिँचाइ आयोजना कार्यान्वयन गर्ने । |

*स्रोत : नेपालको संविधान, २०७२*

## PART 9. निष्कर्ष (CONCLUSION)

व्यावसायिक कृषि प्रवर्द्धन पद्धति आवश्यकमा नवीय एवम् आर्थिक स्रोतहरूका साथ सही ढङ्गले कार्यान्वयन गरिएमा यसले किसान र सरकारहरू दुवैका लागि सकारात्मक परिणाम ल्याउन सक्दछ । SRC-CAP को कार्यान्वयनबाट व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको प्रभावकारिता प्रमाणित गरिएको छ । यसले किसानहरूलाई आत्मविश्वासी र आत्मनिर्भर(सशक्त) बनाउने हुँदा लामो अन्तरालमा यस पद्धतिको लागत-प्रभावकारिता पनि राम्रो देखिएको छ । स्थानीय सरकारहरूले यस पद्धतिका लागि आवश्यक पर्ने गुणात्मक एवम् सङ्ख्यात्मक प्रसार सेवाको सुनिश्चितताका लागि मानवीय एवम् आर्थिक स्रोतहरूको बाँडफाँट गर्दा एउटै लाभग्राही कृषक समूहका लागि कम्तीमा पनि दुई वर्षसम्म लगातार सहयोग पुग्नेगरी गर्नु उचित हुनेछ ।

स्थानीय सरकारका प्रसारकर्ताहरूले व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको अवधारणा र प्रक्रियाका बारेमा अभ्यास मार्फत पूर्ण विज्ञता हासिल गरिसकेपछि आफैँयस पद्धतिको कार्यान्वयन गर्नेकुराको व्यवस्थापन गर्न सक्दछन् । तर,उक्त विज्ञता प्राप्त नगरुञ्जेलसम्म स्थानीय सरकारहरूले प्रसारकर्ताहरूलाई व्यावसायिक कृषि प्रवर्द्धन पद्धतिको

अवधारणा र प्रक्रिया व्यवस्थापनमा उचित वाह्य प्राविधिक सहयोगको व्यवस्था गर्नु पर्दछ ।साथै,उनीहरूलाई सक्षम बनाउन नयाँ प्रविधि, उत्पादन सामग्री र सिद्धान्तहरूबारे अद्यावधिक तुल्याउनु पनि महत्वपूर्ण हुन्छ ।



त्यस्तो बाह्य प्राविधिक सहयोग प्रदेश र सङ्घीय सरकारका निकायहरू वा अन्य सम्बन्धित निजी संस्थाहरूबाट प्राप्त गर्न सकिन्छ ।यस पद्धतिको कार्यान्वयनको सफलता प्रसारकर्ताहरूलाई त्यस्तो प्राविधिक सहयोगको व्यवस्थापन गर्न सकिएको वानसकिएको कुरामा निर्भर गर्दछ । स्थानीय सरकारले यो कार्य एक्लै गर्न नसक्ने हुँदा अन्य सरकारी एवम् निजी संस्थाहरूसँगको सहकार्य अत्यन्तै महत्वपर्ण रहन्छ।

**अनुसूची १: स्थानीय, प्रदेश र सङ्घीय सरकारका बीच कृषि क्षेत्रको जिम्मेवारी बाँडफाँट**

| नेपालको संविधान, २०७२ | स्थानीय सरकार | प्रदेश सरकार | सङ्घीय सरकार |
|---|---|---|---|
| अनुसूची(Schedule) -५ | लागू नहुने(N/A) | लागू नहुने(N/A) | केन्द्रीय स्तरका ठुला सिँचाइ परियोजना<br>भू-उपयोगनीति |
| अनुसूची(Schedule) -६ | लागू नहुने(N/A) | भूमिव्यवस्थापन तथा भूमिको अभिलेख राख्ने प्रदेश स्तरीय सिँचाइ परियोजना<br>कृषितथा पशुपन्छी विकास | लागू नहुने(N/A) |
| अनुसूची(Schedule) -७ | लागू नहुने(N/A) | सहकारीसँग सम्बन्धित मामिलाहरू<br>भूमिनीतिर सम्बन्धित कानूनी व्यवस्थाहरू | सहकारीसँग सम्बन्धित मामिलाहरू<br>भूमिनीति र सम्बन्धित कानूनी प्रावधानहरू |
| अनुसूची(Schedule) -८ | स्थानीयबजारहरूको व्यवस्थापन<br>कृषि सडक, सिँचाइ<br>जग्गाको स्वामित्वको प्रमाणपत्र वितरण<br>कृषितथा पशुपन्छी, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारीहरू<br>कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | लागू नहुने(N/A) | लागू नहुने(N/A) |
| अनुसूची(Schedule)-९ | सहकारी<br>कृषि<br>भूमिविहीनहरूको व्यवस्थापन | सहकारी<br>कृषि<br>▪ भूमिविहीनहरूको व्यवस्थापन | सहकारी<br>कृषि<br>भूमिविहीनहरूको व्यवस्थापन |

*स्रोत : नेपालको संविधान, २०७२*

अनुसुचिः २

# सहयोगका शर्त तथा प्रक्रियाहरु

## १. सहयोगका शर्तहरु

- आयोजनाले प्रति कृषक समुह प्रति बर्ष अधिकतम रु. २,००,००० को सहयोग कृषि सामाग्री/उपकरण र भौतिक पुर्वाधारको लागी उत्पादक समुहको ५० प्रतिशत नगद वा श्रम सहभागितामा गर्नेछ। आयोजनाको सहयोग समयावधि प्रत्येक कृषक समुहमा २ बर्षको रहनेछ।

## २. कृषि सामाग्रीको लागी प्रक्रिया

### २.१ कृषि साम्राग्री

प्लास्टिक टनेल निर्माणको लागी प्लास्टिक सिटको मुल्य आयोजनाले बेहोर्ने छ तर अन्य खर्चहरु जस्तै इनामेल, डोरी, किला, बाँस, ज्यामी खर्च इत्यादी कृषक समुहले बेहोर्नु पर्ने छ।
बिउबिजन, बिषादी, खाद्यतत्व, मल, थोपा र फोहरा सिचाई, सिचाईको लागी हिलटेक टैकीं, स्प्रेयर, क्रेट, डिजिटल तराजु इत्यादीको लागि कृषक समुहले कुल लागतको ५० प्रतिशत बेहोर्नु पर्नेछ।

### २.१.१ सामाग्रीको परिमाण निर्धारण

- कृषक समुहले सामुहिक रुपमा सामाग्रीको परिमाण निर्धारण गरी कार्ययोजना अनुरुप सामाग्री उपलब्ध हुने समयसिमा तोक्नु पर्नेछ।

### २.१.२ बागवानि क्षेत्रसँग सम्बन्धित ब्यापारीको छनोट (कृषि सामाग्री आपुर्तीकर्ता)

- प्रत्येक कृषक समुहबाट मनोनित भएको (२ सदस्यियः १ पुरुष १ महिला) सदस्यले जिल्ला भित्र वा बाहीर रहेका कम्तिमा पनि ३ ओटा बागवानि क्षेत्रसँग सम्बन्धित ब्यापारी (कृषि सामाग्री आपुर्तीकर्ता) यसपछि **कृषि सामाग्री आपुर्तीकर्ता** भनिने छ, बाट कोटेशन फाराम भर्नेछन्, जस मध्येबाट जुनचाही आपुर्तीकर्ताले कम मुल्यमा सामाग्री उपलब्ध गराउन सक्छ त्यो नै सामाग्री उपलब्ध गराउने कृषि सामाग्री आपुर्तीकर्ता हुनेछ र आयोजनाले उक्त आपुर्तीकर्तासँग सम्झौता गर्नेछ।

*नोटः*
*१. एकै गाउँपालिका/नगरपालिकाबाट दुइ वा सो भन्दा बढी कृषक समुहले कृषि सामाग्रीको माग गरेमा आतेजाते सहज र पायक पर्ने ठाँउ भएमा एकैसाथ कोटेशन फाराम भरी एक मात्र कृषि सामाग्रीको आपुर्तीकर्ता छनौट गर्नुपर्नेछ।*
*२. कोटेशन फाराम भर्नको लागी आयोजनाले आतेजाते भाडा र १ दिनको दैनिक भत्ता ( बास खर्च बाहेक) उपलब्ध गराउने छ।*

- कृषक समुहको भेला बसी संकलन गरीएको कोटेशन फाराम बारे छलफल गरी एउटा कृषि सामाग्री आपुर्तीकर्ता छनौट गर्नेछन्। कृषि सामाग्री आपुर्तीकर्ता छनौटको लागी मुल्याङकनको आधार जम्मा सामाग्रीको कुल मुल्यमा जुन कम हुन्छ सोही हुनेछ।
- कृषक समुहको निर्णय पुस्तिका र कोटेशन फारामको नक्कल आयोजनामा पेश गर्नुपर्नेछ।

### २.१.३ कृषि सामाग्री आपुर्तीकर्ता सँग सम्झौता

- निर्णय पुस्तिका र कोटेशन फारामको नक्कल आयोजनाले प्राप्त गरिसकेपछि आयोजना, कृषक समुह र गाउँपालिका/नगरपालिकाको कृषि शाखा बिच छनौट भएको कृषि सामाग्री आपुर्तीकर्तासँग कार्य सम्झौता गरिनेछ ।

### २.१.४ भुक्तानी प्रक्रिया

- सम्झौता हस्ताक्षर पछि पहिलो किस्ता भुक्तानीका रुपमा जम्मा लागतको ७०% रकम आयोजनाले कृषि सामाग्री आपुर्तीकर्तालाई उपलब्ध गराउने छ । कृषक समुहले आफ्नो भागको ५०% रकम कृषि सामाग्री बुझ्दाको समयमा बुझाउनु पर्ने छ । बाँकि रहन आउने ३०% रकम आयोजनाले कृषि सामाग्री आपुर्तीकर्तालाई सामाग्री हस्तान्तरण बिल, भर्पाई र भुक्तानीको लागि अनुरोध पत्र प्राप्त भएपछि उपलब्ध गराउने छ ।

### २.१.५ ढुवानी

- कृषि सामाग्री आपुर्तीकर्ताले सामाग्रीहरु कृषक समुहको ठाँउ सम्म ढुवानी गरिदिनु पर्ने छ, कृषक समुहको सम्बन्धित ठाँउसम्म सामाग्री लैजान लाग्ने ढुवानी भाडा ( एक पटकको मात्र) साथसाथै ढुवानी गर्दा प्रयोग गरिने साधन पनि उल्लेख गर्नुपर्नेछ ।
- कृषि सामाग्री आपुर्तीकर्ताले उल्लेख गरिएको सबै सामाग्रीहरु एकैपटक तोकिएको समयसिमा भित्र उपलब्ध गराउनु पर्नेछ ।
- कुल लागतको ५ प्रतिशत भन्दा कम भएमा ढुवानी भाडा आयोजनाले ब्यहोर्ने छ, ५ प्रतिशत भन्दा बढी भएको खण्डमा आयोजना र कृषक समुह बिच साझेदारी गरिने छ ।

## २.२.उपकरण (मिनी टिलर) को लागी प्रक्रिया

### २.२.१ मिनी टिलरको छनोट

- कृषक समुहले मिनी टिलरको क्षमता र संख्या निर्धारण गर्नु पर्ने छ । खरिद प्रक्रियाको समयसिमा समुहको कार्य योजनामा निर्भर रहने छ । मिनी टिलर महिलाहरुले पनि चलाउन सक्ने खालको हुनु पर्नेछ ।

### २.२.२ मेसिनरी पसलको छनोट

- प्रत्येक कृषक समुहबाट मनोनित भएको (२ सदस्यियः १ पुरुष १ महिला) सदस्यले जिल्ला भित्र वा बाहीर रहेका कम्तिमा पनि ३ ओटा मेसिनरी पसल (कृषि सामाग्री आपुर्तीकर्ता) बाट कोटेशन फारम भर्नु पर्नेछ ।

*नोटः*

*१. एकै जिल्लाबाट दुइ वा सो भन्दा बढी कृषक समुहले मिनी टिलरको माग गरेमा आतेजाते सहज र पायक पर्ने ठाँउ भएमा एकैसाथ कोटेशन फाराम भरी एक मात्र मेसिनरी पसल छनौट गर्नुपर्नेछ ।*

*२. जिल्ला भित्र मेसिनरी पसल उपलब्ध नभएको खण्डमा कोटेशन फाराम भर्नको लागी आयोजनाले आतेजाते भाडा र १ १/४ दिनको दैनिक भत्ता ( बास खर्च सहित) उपलब्ध गराउने छ । यदि जिल्ला भित्रै मेसिनरी पसल उपलब्ध भएमा आयोजनाले आतेजाते खर्च र १ दिनको दैनिक भत्ता (बास खर्च बाहेक) उपलब्ध गराउने छ ।*

- *कृषक समुहको भेला बसी संकलन गरीएको कोटेशन फाराम बारे छलफल गरी एउटा मेसिनरी पसल छनौट गर्नेछन् । मेसिनरी पसलको छनौटको लागी मुल्याङकनको आधार जम्मा सामाग्रीको कुल मुल्यमा जुन कम हुन्छ सोही हुनेछ ।*

### २.२.३ कृषक समुहसँगको सम्झौता

- कृषक समुहले मेसिनरी पसल छनोट गरेको निर्णय पुस्तिका, भुक्तानीको लागि अनुरोध पत्र र कोटेशनको नक्कल कपी आयोजनालाई बुझाउनु पर्ने छ ।
- निर्णय पुस्तिका र कोटेशन फारामको नक्कल आयोजनाले प्राप्त गरिसकेपछि आयोजना, कृषक समुह र गाउँपालिका/नगरपालिकाको कृषि शाखा बिच छनौट भएको मेसिनरी पसल सँग कार्य सम्झौता गरिनेछ ।

### २.२.४ भुक्तानी प्रक्रिया

- कृषक समुहले आफ्नो भागको ५०% रकम कृषि सामाग्री बुझ्दाको समयमा मेसिनरी पसल लाई बुझाउनु पर्ने छ । आयोजनाले बाँकि ५०% रकम मेसिनरी पसललाई मिनी टिलर हस्तान्तरण गर्दाको समयमानै बिल, भर्पाई र भुक्तानीको लागि अनुरोध पत्र लिइ भुक्तानी गर्नेछ ।

### २.२.५ ढुवानी

- मेसिनरी पसलले दिईएको समय अवधि भित्र मिनी टिलर उपलब्ध गराउनु पर्ने छ ।
- कुल लागतको ५ प्रतिशत भन्दा कम भएमा ढुवानी भाडा आयोजनाले ब्यहोर्ने छ, ५ प्रतिशत भन्दा बढी भएको खण्डमा आयोजना र कृषक समुह बिच साझेदारी गरिने छ ।

## ३. भौतिक पुर्बाधार (सिंचाई) को लागी प्रक्रिया

कृषक समुहले कार्ययोजनाको आधारमा प्राथमिकिकरण गरेका भौतिक पुर्बाधारका योजनाहरु कार्यान्वयन गर्नेछन् ।

### ३.१ लागत अनुमान

- आयोजनाको इन्जिनियरले गाउँपालिका/नगरपालिकाको कृषि शाखाबाट स्विकृत भएको लागत इस्टिमेट उपलब्ध गराउने छन् ।

### ३.१.१ कृषक समुहसँगको सम्झौता

- लागत इस्टिमेटको आधारमा कृषक समुहसँग सम्झौता गरिनेछ जसमा कुल लागतको ५०% रकम नगद वा श्रमदान कृषक समुहले ब्यहोर्नुपर्नेछ ।

### ३.१.२ भुक्तानी तथा सामाग्री खरिद प्रक्रिया

- सम्झौता हस्ताक्षर भइसकेपछि कृषक समुहले स्थानिय सामाग्रीहरु जस्तै बालुवा, ढुङ्गा, गिट्टि, काठ आदी संकलन गर्नुपर्नेछ । स्थानिय सामाग्रीहरु संकलन भएपछि कृषक समुहले पहिलो किस्ताको लागी आयोजनालाई अनुरोध पत्र बुझाउनुपर्नेछ । आयोजनाले पहिलो किस्ता बापत ७०% रकम कृषक समुहलाई हस्तान्तरण गर्ने छ ।

- पहिलो किस्ताको रकमबाट कृषक समुहले स्थानिय स्तरमा नपाईने सामाग्रीहरु बिना कोटेशन जुनसुकै हार्डवयर पसलबाट सार्बजनिक खरिद नियमावली २०६४, धारा ९७ अनुसार खरिद गर्न सक्नेछन् ।
- कृषक समुहले योजना सम्पन्न भएपछि गाउँपालिका/नगरपालिकाको कृषि शाखा र आयोजनामा खबर गर्नुपर्नेछ । आयोजनाले सम्पन्न भएको योजनाको नापजोख गर्नेछ र कार्यसम्पन्न प्रतिबेदन तयार गर्नेछ ।
- कार्यसम्पन्न प्रतिबेदन गाउँपालिका/नगरपालिकाको कृषि शाखाबाट स्विकृत भएपछि कृषक समुहले सम्पुर्ण बिल भर्पाइ, निर्णय पुस्तिकाको नक्कल र अन्तिम किस्ता भुक्तानीको लागी अनुरोध पत्र आयोजनामा पेश गर्नुपर्नेछ । उक्त कागजातहरु उपलब्ध भएपछि किस्ता बापत ३०% रकम आयोजनाले कृषक समुहलाई हस्तान्तरण गर्ने छ ।

*नोटः स्थानिय स्तरमा नपाउने सामाग्रीहरुको ढुवानी चालु आर्थिक बर्षको स्वीकृत जिल्ला दररेटबाट लागत इस्टिमेटमा समाबेस गरिएको हुनेछ । सामाग्रीहरुको ढुवानीको लागी कृषक समुह पुर्ण रुपमा जिम्मेवार रहने छन् ।*

**अनुसुचिः ३**

## कोटेशन फाराम

**कृषि सामाग्री आपुर्तिकर्ता /मेसिनरी पसलको नामः**

**सर्म्पक ब्यक्तिः**

**सर्म्पक नं.:**

**ठेगानाः**

### क. कृषि सामाग्री/मिनि टिलर

| क.सं. | सामाग्रीको नाम | बिस्तृत बिबरण | इकाई | परिमाण | दर | जम्मा (रु.) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **कुल जम्मा** | | | | | | |

### खः ढुवानी

ढुवानी साधनः ......................................

ढुवानी गरिने स्थानः ..........................................बाट..........................................सम्म

ढुवानी लागत (एक पटक मात्र): रु..................

...............................
**हस्ताक्षर**

नामः
कोटेशन बुझाएको मितिः
नोटः

- कृषकको माग अनुसारको सबै सामाग्री कृषि सामाग्री आपुर्तिकर्ता/मेसिनरी पसलले मुल्य सहित उपलब्ध गराउनु पर्नेछ अन्यथा मान्य ठहरिने छैन ।
- कृषि सामाग्री आपुर्तिकर्ता/मेसिनरी पसलले सामाग्री उपलब्ध गराउदा कम्तिमा पान नं. अंकित बिल उपलब्ध गराउनु पर्नेछ ।

अनुसुचिः ४

**नेपाल सरकार/जाइका** (GON/JICA)

**सिन्धुली सडक खण्ड व्याबसायिक कृषि प्रवर्धन आयोजना**

(Sindhuli Road Corridor Commercial Agriculture Promotion Project)

**कार्ययोजना कार्यान्वयन को लागी सम्झौताःकृषि सामाग्री**

(Contract for Action Plan Implementation: Agri-Input)

आ.ब.:
(FY:)
कृषक समुहको नामः
(Name of Farmer Group:)
जिल्लाः गाउँपालिका/नगरपालिका.:
(District:) (Rural Municipality/Municipality:)
कृषक समुहको सदस्य संख्याः
(Total number of Farmer Group member:)

**१. कृषि सामाग्रीको नाम, मुल्य, उपलब्ध गराउने समय( Name of item, cost, deadline for availability:)**

शुरु हुने समयः अन्त्य हुने समयः

| **सामाग्रीको नाम** | **परिमाण** | **जम्मा (रु.)** | **कृषक समुह (रु.)** | **आयोजना (रु.)** | **उपलब्ध गराउने समय** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| **कुल जम्मा(रु.)** | | | | | |
| कृषि सामाग्री आपुर्तिकर्तालाई भुक्तानी हुने कुल जम्मा रकम रु.०।०० | | | | | |

नोटः कृषि सामाग्रीको जम्मा मुल्यमा ५० % कृषक समुहको सहभागिता समावेश गरिएको,तर प्लाष्टिक टनेलको हकमा प्लाष्टिक सिट बाहेकको अन्य खर्चहरु कृषक समुहले ब्यहोर्नु पर्नेछ। प्लाष्टिक टनेलको लागत बाँडफाँड यसै साथ नत्थि गरिएको छ।

(Start date:) (End date:)

| Name of item | Quantity | Total (Nrs.) | Farmer Group (Nrs.) | Project (Nrs.) | Delivery date |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| **Grand Total (Nrs.)** | | | | | |
| Total amount to be paid to the Agri-Input Supplier is Nrs. 0.00 | | | | | |

(Note: 50 % contribution of farmer group is included in total cost of agri-inputs but in the case of plastic tunnel farmer group should bear all the other expenses except than Plastic Sheet. Breakdown of estimated budget for plastic tunnel is attached herewith)

**२. भुक्तानी प्रक्रिया (Payment method):**

| किस्ता (Installment) | रकम (रु.) | प्रतिशत | समय | Amount (Nrs.) | Percentage | Date | Remarks |
|---|---|---|---|---|---|---|---|
| पहिलो (First) | | ७० | सम्झौता हस्ताक्षर पछि | | 70 | After Agreement sign | आयोजना (SRC-CAP) |
| दोश्रो (Second) | | १०० | सामाग्रीहरु बितरण पछि | | 100 | After distribution of items | कृषक समुह (Farmer Group) |
| अन्तिम (Final) | | ३० | कृषक समुहले भुक्तानी गरिसके पछि | | 30 | After completion of payment from Farmer Group | आयोजना (SRC-CAP) |
| **जम्मा (Total)** | | | | | | | |

**३. ढुवानी (Transportation)**

कुल लागतको ५ प्रतिशत भन्दा कम भएमा ढुवानी भाडा आयोजनाले व्यहोर्ने छ, ५ प्रतिशत भन्दा बढी भएको खण्डमा आयोजना र कृषक बिच साझेदारी गरिने छ । [Transportation cost can be paid full by project (if it is less than or 5% of total cost) or cost shared with the farmer group member (if it is more than 5%).]

**४. शर्तहरुः (Terms and conditions:)**

**कृषि सामाग्री आपुर्तिकर्ताः (Agri-Input Supplier)**

- कोटेशन फारामको बिस्तृत बिबरणमा उल्लेख गरिए अनुसारको सामाग्री उपलब्ध गराउनु पर्ने छ, सामाग्री टुटेफुटेको वा बिग्रेको हुनु हुने छैन । (Agreed item should not be different than the specification provided in the quotation and should not be damaged or broken)
- कोटेशन फाराममा तोकिएको समय सिमा सम्ममा सामाग्री उपलब्ध गराउनु पर्ने छ । (The materials should be made available in the given time)
- सामाग्री उपलब्ध गराउनु अगावै कृषक समुहलाई अग्रिम जानकारी दिनु पर्नेछ । (Once the materials are available in the given time, should communicate farmer group in advance)
- कृषि सामाग्री आपुर्तिकर्ताले सामाग्रीको भर्पाइ आयोजनामा र कृषक समुहलाई बिल उपलब्ध गराउनु पर्नेछ । (Agri-input supplier should provide receipt to the project and bill to the farmer group)
- कृषक समुहलाई सामाग्री हस्तान्तरण नहुँदा सम्म सामाग्रीहरुको जिम्मेवारी कृषि सामाग्री आपुर्तिकर्ताको हुनेछ । (Agri-input supplier should be responsible until the materials are handed over to the farmer group)

**कृषक समुहः (Farmer Group)**

- कृषक समुहले सामाग्री प्राप्त गरि सकेपछि कृषि सामाग्री आपुर्तिकर्ताबाट बिल / भर्पाइ लिनुपर्नेछ । (Farmer group should get a bill when they receive agri-inputs from the agri-input supplier)
- आयोजनाबाट उपलब्ध सामाग्री सहि किसिमले प्रयोग गर्नु पर्नेछ । (The supported item should be used properly)
- प्लाष्टिक सिट बाहेक कृषक समुहले कुल मुल्यको ५० प्रतिशत रकम आपुर्तिकर्तालाइ सामाग्री बुझ्दाको समयमा बुझाउनु पर्नेछ, कुनै सदस्यले नबुझाएको खण्डमा कृषक समुह जिम्मेवार हुनेछ । (Except the plastic sheet, farmer group should be responsible to pay the 50% cost directly to agri-input supplier in cash at the time of delivery. If one or two member could not pay their share, group should be responsible for it.)

**आयोजनाः (SRC-CAP:)**

- माथी उल्लेखित कामको सिलसिलामा हुने कुनै जोखिम वा दुर्घटना उपर आयोजना जिम्मेवार रहने छैन । (The project will bear no responsibility of risk and/or accident raised during the above mentioned activity.)

माथी उल्लेखित शर्तहरु हामीलाई मन्जुर छ । (We agree the terms and conditions mentioned above :)

| | |
|---|---|
| आयोजनाको तर्फबाटः ( From SRC-CAP)<br>नामः<br>(Name:)<br>पदः प्रमुख प्राबिधिक सल्लाहाकार<br>(Position: Chief Technical Advisor)<br>हस्ताक्षरः<br>(Signature: )<br>मितिः<br>(Date: ) | कृषि सामाग्री आपुर्तिकर्ताको तर्फबाटः ( From Agri-Input Suplier)<br>नामः<br>(Name:)<br>आपुर्तिकर्ताको नामः<br>(Name of Supplier:)<br>हस्ताक्षरः<br>(Signature: )<br>मितिः<br>(Date: ) |
| कृषक समुहको तर्फबाटः (From Farmer Group)<br>नामः<br>(Name:)<br>पदः अध्यक्ष<br>(Position: Chairperson)<br>हस्ताक्षरः<br>(Signature: )<br>मितिः<br>(Date: ) | गाउँपालिका/नगरपालिकाको कृषि शाखाको तर्फबाटः(From Agriculture Section of Rural Municipality/Municipality Office)<br>नामः<br>(Name:)<br>पदः प्राबिधिक सहायक<br>(Position: Junior Technician)<br>हस्ताक्षरः<br>(Signature: )<br>मितिः<br>(Date: ) |

अनुसुचिः ५

# नेपाल सरकार / जाइका (GON/JICA)
# सिन्धुली सडक खण्ड ब्यावसायिक कृषि प्रवर्धन आयोजना
(Sindhuli Road Corridor Commercial Agriculture Promotion Project)

## कार्ययोजना कार्यान्वयन को लागी सम्झौताः भौतिक पुर्बाधार
(Contract for Action Plan Implementation: Infrastructure)

आ.ब:

(FY: )

कृषक समुहको नाम:

(Name of Farmer Group:)

जिल्ला: गाउँपालिका/नगरपालिका:

(District:) (Rural Municipality/Municipality:)

कृषक समुहको सदस्य संख्याः

(Total number of farmer group member: )

**१. भौतिक पुर्बाधार ( Infrastructure):**

शुरु हुने समय: अन्त्य हुने समय:

(Start date:) (End date:)

| क्रियाकलापको किसिम | जम्मा (रु.) | कृषक समुह (रु.) | आयोजना (रु.) | Types of activity | Total cost (Nrs.) | Farmer group (Nrs.) | Project (Nrs.) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| **जम्मा** (रु.) | | | | **Total (Nrs.)** | | | |

नोटः गाउँपालिका/नगरपालिकाको कृषि शाखाबाट स्विकृत लागतको बाँडफाँड यसै सम्झौता सँगै नत्थि गरिएको छ।

(Note: Breakdown of estimated budget approved by agriculture section of RM/M is attached herewith.)

**२. भुक्तानी प्रक्रिया (Payment method):**

| किस्ता (Installment) | रकम (रु.) | प्रतिशत | समय | Amount (Nrs.) | Percentage | Date |
|---|---|---|---|---|---|---|
| पहिलो (First) | | ७० | स्थानिय सामाग्री संकलन पछि | | 70 | After collection of local materials |
| अन्तिम (Final) | | ३० | कार्य योजना सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातहरु आयोजनाबाट स्विकृत भएपछि | | 30 | After Approval of work completion report and other supporting documents. |
| **जम्मा (Total)** | | | | | | |

३. शर्तहरु **(Terms and conditions):**

- योजनाको मर्मत संभारको लागी कृषक समुह जिम्मेवार हुनुपर्नेछ । (Farmer group will be responsible for repair and maintenance of the infrastructure.)
- योजना सम्पन्न भएपछि सम्बन्धित निकायबाट जाँचपास गरी फरफारक लिनु पर्नेछ । (After the completion of the activity, financial clearance should be made from concerned agency.)
- कृषक समुहले नेपाल सरकारको कानुनमा ब्यवस्था गरेका नीति नियमहरु पालना गर्नुपर्नेछ । (Farmer group will follow the rules and regulations as per the Nepal Government Law.)
- कार्य योजना सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातहरु आयोजनाबाट स्विकृत भएपछि मात्र अन्तिम किस्ता बापतको रकम उपलब्ध गराइने छ । (Final installment will be paid after the approval of work completion report and other supporting documents.)
- कृषक समुहले योजनाको नगदी र जिन्सीको अभिलेख राख्नुपर्नेछ । (Farmer group should maintain the record of cash and kinds.)
- तोकिएको समय अवधिमा योजना सम्पन्न गरि सक्नु पर्नेछ । (Activity should be completed in a given time period.)
- माथी उल्लेखित कामको सिलसिलामा हुने कुनै जोखिम वा दुर्घटना उपर आयोजना जिम्मेवार रहने छैन । (The project will bear no responsibility of risk and/or accident raised during the above mentioned activity.)

**माथी उल्लेखित शर्तहरु हामीलाई मन्जुर छ ।** (We agree the terms and conditions mentioned above :)

| | | |
|---|---|---|
| आयोजनाको तर्फबाटः ( From SRC-CAP)<br>नामः<br>(Name:)<br>पदः प्रमुख प्राबिधिक सल्लाहाकार<br>(Position: Chief Technical Advisor)<br>हस्ताक्षरः<br>(Signature: )<br>मितिः<br>(Date: ) | कृषक समुहको तर्फबाटः<br>(From Farmer Group:)<br>नामः<br>(Name:)<br>पदः अध्यक्ष<br>(Position: Chairperson)<br>हस्ताक्षरः<br>(Signature: )<br>मितिः<br>(Date: ) | गाउँपालिका/नगरपालिकाको कृषि शाखाको तर्फबाटः (From Agriculture Section of Rural Municipality/Municipality Office)<br>नामः<br>(Name:)<br>पदः प्राबिधिक सहायक<br>(Position: Junior Technician)<br>हस्ताक्षरः<br>(Signature: )<br>मितिः<br>(Date: ) |

अनुसुचिः ६

**Receipt of payment for Agri-Input Supplier/Machinery Shop**

**Receipt of First/Final Installment Payment byAgri-Input Supplier/Machinery Shop**

**Receipt of First Installment Payment byagri-input supplier/machinery shop**

Date:
To: SRC-CAP/JICA
Hariharbhawan, Lalitpur

We received ________________NRs for first installment payment based on the contractmade with ……..Farmer Group,……………………..Municipality/Rural municipality…………………District.

……………………
Mr./Ms.:
Agri-Input Supplier/Machinery Shop:
Stamp

**Receipt of Final Installment Payment by agri-input supplier/machinery shop**

Date:
To: SRC-CAP/JICA
Hariharbhawan, Lalitpur

We received __________________NRs for final installment payment based on the contractmade with ………..Farmer group,……………………..Municipality/Rural municipality…………………District

………………………
Mr./Ms.:
Agri-Input Supplier/Machinery Shop:
Stamp

अनुसुचिः ७

**Payment request letter for Agri-Input Supplier/Machinery Shop**

**Payment request letter by Agri-Input Supplier/Machinery Shop**

Date:

SRC-CAP/JICA
Hariharbhawan, Lalitpur

**Subject: Request for <u>First Installment</u> payment**

Dear madam/sir

As per contract made among in date……………………..I would like to request for the first installment payment of amount Nrs……………………

Thank you

………………………
Mr./Ms.:
Agri-Input Supplier/Machinery Shop:
Stamp

**Payment request letter by Agri-Input Supplier/Machinery Shop**

Date:

SRC-CAP/JICA
Hariharbhawan, Lalitpur

**Subject: Request for <u>Final Installment</u> payment**

Dear madam/sir

I received first installment on………………...date. I have distributed all the items as agreed in the contract made on………………………. I would like to request for the final installment payment of amount Nrs………..

Thank you

………………………..
Mr./Ms.:
Agri-Input Supplier/Machinery Shop:
Stamp

Note:
With this request letter, please enclose the following documents as well:
- ✓ a receipt voucher of each producer group member,
- ✓ a meeting minute of the farmer group where groups mention receipt of all items and request for full payment to the argi- input supplier (name mentioned)
- ✓ Bill of the all items

अनुसुचि:८

**Delivery notice made by Agri-input supplier/Machinery shop**

**Delivery notice made by Agri-Input Supplier/Machinery Shop**

I have received the following items and quantity.

| S.N. | Name of items | Quantity | Remarks |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

Receive by:

Name:

Position:

Address:

Date:

Distributed by:

Agri-Input Supplier/Machinery Shop:
Date:

Stamp:

अनुसुचिः ९

**Receipt of first/final payment by Farmer group**

**Receipt of First/Final Installment payment by Farmer group**

**Receipt of First Installment payment by Farmer group**

Date:
To: SRC-CAP/JICA
Hariharbhawan, Lalitpur

We received ______________NRs for first installment payment based on the contract.

………………………
Name:

Position:

Name of Farmer Group:

Address:

**Receipt of Final Installment payment byFarmer group**

Date:

To: SRC-CAP/JICA
Hariharbhawan, Lalitpur

We received ______________NRs for final installment payment based on the contract.

………………………
Name:

Position:

Name of Farmer Group:

Address:

अनुसुचिः १०

## Payment request letter for Farmer Group

**Payment request letter by farmer group**

Date:

SRC-CAP/JICA
Hariharbhawan, Lalitpur

**Subject: Request for First Installment payment**

Dear madam/sir

As per contract made among in date…………………..We would like to request for the first installment payment of amount Nrs………………..

Thank you
…………………………..
Name:
Position:
Name of Farmer Group:
Address

**Payment request letter by farmer group**

Date:

SRC-CAP/JICA
Hariharbhawan, Lalitpur

**Subject: Request for Final Installment payment**

Dear madam/sir

We have completed the construction of………………...We would like to request for the last installment payment. We have attached completion report along with other supporting documents here with.

Thank you
…………………………..
Name:
Position:
Name of Farmer Group:
Address

Note:
With this request letter, please enclose the following documents as well:

- ✓ Completion report
- ✓ Bill of the all items purchased
- ✓ Meeting minute mentioning the completion of the activity and sharing of the agreed amount of cash and kind work in given time and mentioning payment of the final installment